# गौरादह नगरपालिका नगरसभाको अठारौं अधिवेशनको प्रथम बैठकमा नगर प्रमुख श्री छत्रपति सुवेदीद्वारा प्रस्तुत आ.व. ०८३\०८४ को वार्षिक नीति तथा कार्यक्रम

**नगरसभा सदस्यज्यूहरु,**

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरी समानुपातिक समावेशिता र सामाजिक न्यायसहितको राजनीतिक व्यवस्था स्थापित गर्न र जनतालाई सार्वभौम र अधिकारसम्पन्न बनाउनको निम्ति नेपाली जनताले गरेको लामो त्याग, संघर्ष, बलिदान तथा विभिन्न समयमा भएका ऐतिहासिक जनआन्दोलनहरुमा र २०८२ भदौ २३ र २४ को नवयुवा विद्रोह समेतमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति सर्वप्रथम भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतालाई कायम राख्दै नेपाली समाज परिवर्तन एवं रुपान्तरण गर्ने अग्रजहरु प्रति सम्मान व्यक्त गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना पश्चात् स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित गौरादह नगरपालिकाका हामी जनप्रतिनिधिहरुले चार वर्ष पूरा गरी आज यस १८औं नगर अधिवेशनमा उपस्थित भएका छौं। हामीलाई गौरादह नगरको विकास र समृद्धिका लागि जिम्मेवारी प्रदान गर्नुहुने सम्पूर्ण गौरादहवासी जनसमुदाय प्रति पुनः आभार व्यक्त गर्दै नगरसभाका सबै सदस्यहरुलाई यस सभामा हार्दिक स्वागत गर्दछु ।

यस नीति तथा कार्यक्रम निर्माणमा महत्वपूर्ण सल्लाह, सुझाव दिनुहुने विभिन्न राजनीतिक दल, समाजसेवी, बुद्धिजीवी, उद्योगी, व्यवसायी, नगरसभाका सम्पूर्ण सदस्यहरु, कर्मचारी सवैमा हार्दिक धन्यवाद दिँदै प्रस्तुत नीति तथा कार्यक्रम सफल बनाउन समेत यहाँहरुको निरन्तर साथ र सहयोग रहनेछ भन्ने मैले विश्वास लिएको छु । यहाँहरुको अमूल्य सुझाव, सहयोग, हौसला र समन्वयात्मक भूमिकाले मात्र समृद्ध र सुन्दर गौरादह नगरपालिका निर्माण हुनसक्ने कुरामा म दृढ विश्वास गर्दछु ।

नगरपालिकाको भौगोलिक अवस्थिति, विकासका न्यूनतम पूर्वाधार निर्माण, नागरिकहरुको बढ्दो अपेक्षालाई पुरा गर्दै उपलव्ध श्रोत साधनलाई कुशलतापूर्वक परिचालन गर्ने विषय चुनौतिपूर्ण रहँदा रहँदै पनि सम्पूर्ण वुद्धिजीवी, समाजसेवी, व्यवसायी, पत्रकार लगायत सवै पक्षको साथ सहयोग, सद्भाव र सल्लाहबाट विकास र समृद्धिको उत्कट चाहनालाई चरणवद्ध रुपमा पूरा गर्दै जाने र स्वस्थ र सुखी नागरिक, स्वच्छ र सुन्दर नगरपालिका निमार्णको अभियानलाई सार्थक बनाउन म निरन्तर प्रयत्न गर्नेछु।

वर्तमान अवस्थामा अझ बढी दायित्व हाम्रो काँधमा रहेको विषयलाई गम्भीर रुपमा वोध गरेको छु। सोही धरातालमा उभिएर १८औं नगरसभाको अधिवेशनमा उपस्थित भई आ.व ०८३\०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा यसको पृष्ठभूमि र चालु आ.व.को हालसम्मको अवस्था विवेचना गर्नु सान्दर्भिक ठान्दछु।

हामी निर्वाचित भएर आएको पहिलो वर्षबाटै नगरपालिकालाई योजनावद्ध ढङ्गबाट सञ्चालन गर्ने नीति अनुरुप स्रोतसाधन परिचालन गर्दा सवै पक्ष र क्षेत्रको समानुपातिक, समन्यायिक र दिगो विकास उन्मुख परिचालन गरिएको छ। अल्पकालीन वितरणमुखी भन्दा परिणाममुखी र जनताको सीप तथा क्षमता विकासका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने प्रयासका बावजुद अपेक्षित नतिजा प्राप्तिमा अझै थप प्रयत्न गर्नुपर्ने देखिएको छ। यसै

सिलसिलामा हामी हाम्रो कर्तब्य र जिम्मेवारीमा दृढ रही कार्य गरिरहेको अवस्थामा २०८२ भदौ २४ गते हाम्रो कार्यालय, वडा कार्यालयहरुका कार्यालय भवनहरु तोडफोड गर्ने, कार्यालय सामग्रीहरु नस्ट गर्ने, सवारीसाधनहरु जलाउने, त्यसैगरी हाम्रा निजी निवासमा केही अपराधिक तत्वले तोडफोड र आगजनी गरे तापनि हामी विचलित नभई हाम्रो नगरवासीहरुप्रतिको जिम्मेवारी र कर्तव्यमा सधैं दृढ छौं।

**नगरसभा सदस्यज्यूहरु,**

बिगत चार वर्षको अवधिमा गौरादह नगरपालिकामा विभिन्न क्षेत्रमा भएका कार्यक्रमहरुको प्रगति स्थिति सम्बन्धमा संक्षिप्त जानकारी प्रस्तुत गर्दछु-

**१)** **स्वास्थ्य सेवातर्फ**

क) अधुरो रहेका आधारभूत स्वास्थ्य सेवा भवनलाई पूरा गरिएको छ,

ख) नगर अस्पतालको सञ्चालन सुरु गरी वीमा सेवा समेत सुचारु गर्नुका साथै फिजीसियन, हाडजोर्नी नसा, गाईनोकोलोजिष्ट, बालरोग, सर्जिकल सेवा, सुरक्षित सुत्केरी सेवा, रेविज भ्याक्सिन निःशुल्क, दाँत, नाक-कान-घाँटी, आँखा, फिजियोथेरापि, भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा, आधुनिक प्याथोलोजी ल्याव सेवा, २४सै घण्टा इमर्जेन्सी सेवा, फार्मेसी सेवा, दैनिक बिहान ७ बजे देखि साँझ ५ बजेसम्म ओ.पि.डि. सेवा, सञ्चालन हुँदै आएको छ ।

ग) नगर अस्पताल भवन निर्माणको लागि १ विघाहा १३ कठ्ठा जग्गा निःशुल्क प्राप्त गरी १५ शैय्याको अस्पताल भवन निर्माण कार्य द्रुत गतिमा सञ्चालन भईरहेको छ ।

२) **शिक्षातर्फः** नगर शिक्षा ऐन, २०७९ निर्माण गरी लागु गरिएको छ। नगर शिक्षा समिति गठन र क्रियाशील व्यवस्थापन समिति निर्माण विधि परिमार्जन, स्थानीय पाठ्यक्रम निर्माण र लागु, प्रस्तावको आधार र मूल्याङ्कन गरी प्र.अ. हरुको नियुक्ति, कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा, विद्यालय भवन तथा कक्षा कोठा थप गर्ने कार्यमा तीव्रता दिईएको छ। साथै गौरादह नगरपालिकाको १० बर्षे नगर शिक्षा योजना बनाई यसै आ.व. बाट लागु गरिनेछ।

३) **कृषितर्फः** कृषि क्षेत्रमा कृषि आधुनिकीकरण, यान्त्रीकरण, गह्रा सुधार, भूमिगत सिंचाई, मौरीपालन, च्याउखेती, तरकारी खेतीमा प्रोत्साहन दिनुका साथै ७ वटा शीत भण्डार (कोल्ड चेम्बर) को निर्माण, पशु नस्ल सुधार, गोठ सुधार, गाई-भैंसी पकेट, पशु विमा कार्यक्रम, धान पकेट जस्ता कार्यक्रम जैविक तथा अर्गानिक मल कारखानाको स्थापना र सञ्चालन, कृषि तालिम र खोज अनुसन्धानतर्फ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद समेतसँग समझदारी-पत्र (एम.ओ.यु.) र बिऊ उत्पादन, हाईब्रिड मकै, धान विउ उत्पादन, तेलहन बाली प्रवर्द्धन जस्ता कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

४) **विपद् व्यवस्थापन र वातावरणतर्फः** फोहरमैलाको संकलन र उत्सर्जन, नदी नियन्त्रणतर्फ रतुवा नदी नियन्त्रण, ए.डि.वि. को सहयोगमा ४२०० मी. सम्पन्न र १००० मीटर पुनः थप निर्माणको काम बढाउँदै साथै चान्दु, रामचन्द्रे, कृष्णे, गौरिया, लालपैनी, खोलाहरुको तटबन्ध निर्माण कार्यमा निरन्तरता दिईएको छ । विपद प्रतिकार्य कार्ययोजना बनाई लागु गरिएको छ ।

५) **भूमि व्यवस्थातर्फः** गौरादह नगरपालिका वडा नं. ४ र ५ को जग्गा दर्ता समस्या समाधान गर्न नेपाल सरकार भूमि व्यवस्था, सहकारी, संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी समस्या समाधान गठन आदेश, २०८१ जारी भई जग्गा दर्ता कार्यमा तीब्रता दिन साविक गठन आदेशलाई संशोधन गरी सरल मापदण्ड बनाई २०८३ अषाढ मसान्तसम्म कार्यसम्पन्न गरिसक्ने गरी जग्गादर्ता कार्य भैरहेको छ। साथै, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्न जिल्ला भूमि समस्या समाधान समितिसँग समन्वय गरी नगरपालिकामा छुट्टै भूमि शाखा खडा भैसकेकोले शाखा मार्फत काम अघि बढाईनेछ। साथै, भू-वर्गीकरण कार्यलाई आवश्यकता अनुसार एक पटकलाई संशोधन माग भएमा संशोधन गरिदिने प्रकृया अघि वढाईएको छ।

६) **भौतिक पूर्वाधारतर्फः**

गौरादह नगरपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०७९/०८० देखि चालु आ.व. २०८२/०८३ सम्मका चार आर्थिक वर्षमा विभिन्न भौतिक पूर्वाधार निर्माणका कार्यहरु सम्पन्न भएका छन् भने केही महत्त्वपूर्ण आयोजनाहरु निर्माणधीन अवस्थामा रहेका छन्। यस अवधिमा हासिल भएका मुख्य भौतिक प्रगति विवरण निम्नअनुसार रहेका छन्ः

१. सडक तथा यातायात पूर्वाधारः

- कालोपत्रे सडकः १५.७६ किलोमीटर सडक कालोपत्रे सम्पन्न भएको छ भने १९.५ किलोमिटर निर्माणको चरणमा रहेको छ।
- सडक ग्राभेल तथा स्तरोन्नति/मर्मतः हालसम्म १६८.७८ किलोमीटर सडक ग्राभेल तथा मर्मत कार्य सम्पन्न भएको छ।

२. पुल तथा कल्भर्ट निर्माणः

- गौरादह नगरपालिकाको वडा नं. २ र ९ जोड्ने १ वटा पक्की पुल निर्माण सम्पन्न भएको छ।
- ९ वटा ट्रस तथा झोलुङ्गे पुल निर्माण भएका छन्।
- ४० वटा स्ल्याब/बक्स कल्भर्ट र ३ वटा ह्युमपाइप कल्भर्ट निर्माण सम्पन्न भएका छन्।
- विभिन्न स्थानमा गरी जम्मा ३११ वटा ह्युमपाइप जडान गरिएको छ।
- नाला तथा पर्खालः पक्की नाला, ढल तथा रिटेनिङ वाल निर्माणतर्फ हालसम्म २,७८३.८५ मीटर कार्य सम्पन्न भएको छ।

३. भवन तथा संरचना निर्माणः

- सामुदायिक संरचनाः सामुदायिक भवन, मठमन्दिर, मलामी टहरा र चौतारी गरी जम्मा १७५ वटा संरचना निर्माण तथा मर्मत भएका छन्। विभिन्न विद्यालय तथा कार्यालयका भवनहरुको हकमा आवश्यकता अनुसार निर्माण तथा मर्मतसंभार कार्य भएका छन्।
- बजार व्यवस्थापनः बजार सटर तथा टहरा निर्माणतर्फ ११ वटा योजना सम्पन्न भएका छन्। जसअन्तर्गत दामुना बजारमा ४० वटा सटर र कोहोबरा बजारमा ७ कोठे भवन निर्माण गरिएको छ।

४. खानेपानी तथा सरसफाइः

- खानेपानी आयोजनाः नगरवासीलाई स्वच्छ खानेपानी पहुँच पुऱ्याउन ८५.५८ किलोमीटर पाइपलाईन विस्तार गरिएको छ।
- सार्वजनिक शौचालयः बजार, विद्यालय र सामुदायिक क्षेत्रमा गरी जम्मा १३ वटा सार्वजनिक शौचालय निर्माण भएका छन्।

५. सहरी व्यवस्थापन, विद्युतीकरण तथा विपद् व्यवस्थापनः

- नदी नियन्त्रणः बाढी कटान रोक्न तारजाली, बाँसको पाइलिङ, बोरा बाँध र च्यानलाइजेसन लगायतका प्रविधि प्रयोग गरी ३,७७३ मीटर नदी नियन्त्रणको कार्य सम्पन्न भएको छ।
- इन्टरलकिङ ब्लकः बजार तथा सार्वजनिक स्थानको सौन्दर्यीकरणका लागि ५८,७३९ वर्ग फिट क्षेत्रमा इन्टरलकिङ ब्लक बिछ्याइएको छ।
- विद्युतीकरणः विद्युतिकरण कार्यक्रम अन्तर्गत सडकबत्ती जडान गरिनुका साथै पोल व्यवस्थापन र मर्मत गरी जम्मा १,१३१ वटा कार्य सम्पन्न भएको छ।

संघीय तथा प्रदेश सरकारबाट भएका भौतिक पूर्वाधारहरुको अवस्था हेर्दा हालसम्म वडा नं. १ देखि ९ सम्म सडक कालोपत्रेतर्फ ३४ कि.मी निर्माण सम्पन्न र ९.५० कि.मी. निर्माणधीन अवस्थामा रहेको, विद्यालय भवनतर्फ ४ वटा सम्पन्न, ६ वटा निर्माणाधीन, पूलतर्फ ५ वटा निर्माण सम्पन्न र चालु आ.व. ०८२\०८३ मा भारतीय दुतावासबाट श्री जनता मा.वि., गौरादह-१ को भवन निर्माणधीन अवस्थामा रहेको छ।

(७) **खेलकुदः** महिला, बालवालिका, जेष्ठ नागरिक कार्यक्रमहरु, स्नातक पढ्ने छोरी-बुहारी छात्रवृत्ति, दलित, विपन्न, प्राविधिक छात्रवृत्ति, विभिन्न सीप विकास र लघुउद्यम तालिम गोष्ठी गर्ने कार्य समेत निरन्तरता दिँदै आएका छौं ।

(८) बेरुजु अङ्कलाई घटाउने प्रयासस्वरुप त्यसलाई घटाएर हाल १ करोड ८३ लाख ९८ हजार २ सय ५९ मात्र अर्थात् ० दशमलब ७७ प्रतिशतमा झारिएको छ भने स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा सुधार भई ६४.४ अङ्क पेश गरिएको छ।

**अब म चालु आ.व. ०८२\०८३ को बजेट, नीति तथा कार्यक्रमहरुको छोटो समीक्षा गर्न चाहन्छु-**

चालु आ.व का लागि १६औं नगरसभाबाट स्वीकृत अनुमानित बजेट रु. ९५ करोड २१ लाख ०४ हजार रहेकोमा संघीय तथा प्रदेश सरकारको विषयगत सशर्त अनुदानमा थप समेत भई वि.स. २०८२ असार ०४ गतेसम्ममा १ अर्ब ९ करोड ६३ लाख ८८ हजार ६ सय १७ रुपैयाँ हुन आएको छ । खर्चको प्रतिशतलाई हेर्दा कुल खर्च ५८.९९ प्रतिशत रहेको छ जसमध्ये पुँजिगत खर्च ४२.७४ प्रतिशत रहेको छ भने चालु खर्चको ६८.३३ प्रतिशत रहेको छ। चालु आ.व.को अन्त्यसम्ममा कुल खर्च ८० प्रतिशत भन्दा बढी हुने अनुमान गरेको छु।

नीति तथा व्यवस्थातर्फ चालु आ.व. का नीतिहरु, कार्यक्रमहरू, आवधिक योजना, क्षेत्रगत तथा विषयगत रणनीतिसँग आवद्ध गरी स्रोतको सुनिश्चितता गर्ने प्रयासलाई संस्थागत तथा प्रणालीगत रुपमा चालु आ.व. मा गरिएको प्रयासले आगामी आ.व. देखि अझ सकरात्मक परिणाम प्राप्त हुने आशा एवम् विश्वास लिएको छु।

**"गौरादह नगरपालिका समृद्धिको आधारः स्वास्थ्य, शिक्षा कृषि र पूर्वाधार"** भन्ने नारालाई मूल आधार मानी विकासको समग्र योजना तथा कार्यक्रमहरु सन्तुलित रुपमा सीमित श्रोत साधनलाई अधिकतम परिचालन गर्दै अघि बढ्न र यसअघि भएका विकास र पूर्वाधारहरुको स्वामित्व ग्रहण गर्दै, पूरा हुन नसकेका योजनाहरु पूरा गर्दै जाने र नियमित र क्रमिक रुपमा अघि बढेका योजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिँदै जाने जिम्मेवारी पूरा गर्दै थप भौतिक पूर्वाधारको निर्माण, शैक्षिक, सामाजिक, सांस्कृतिक समस्याहरु समाधान गर्न गौरादह नगरपालिका दृढ संकल्पित छ ।

स्थानीय सरकारको रुपमा हामी जनप्रतिनिधिहरुको एकमात्र स्वार्थ सुन्दर समृद्ध गौरादह नगरपालिका निर्माण हो। यस अवस्थामा हामीले रोजगारी र आयआर्जनका अवसरमा बृद्धि गर्न कृषिमा व्यवसायीकरण, पशुजन्य व्यवसायको संरक्षण र विकास, घरेलु उद्योग र अन्य उत्पादन क्षेत्रमा लगानी अभिवृद्धि गरी विकास प्रक्रियामा सवै वर्ग, क्षेत्र, समुदायलाई परिचालन गर्न सकेमा मात्र परिवर्तन र परिणाममुखी विकास सम्भव हुनेछ। अतः समस्त बुद्धिजीवी, राजनैतिक दल, नागरिक समाज, कृषि उद्यमी, उद्योगी, व्यवसायी, शिक्षक, कर्मचारी, सरकारी तथा गैह्र-सरकारी संघसंस्थाहरु, स्थानीय समुदाय, महिला समुह, टोल विकास संस्था, युवा, विद्यार्थी एवं सम्पूर्ण नगरवासीहरुमा यस नीति तथा कार्यक्रम प्रति अपनत्व ग्रहण गरिदिनुहुन हार्दिक अपील गर्दछु ।

यस नीति तथा कार्यक्रम मार्फत सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग हातेमालो गर्दै अघि बढ्ने नीति लिइनेछ । निर्यातमुखी तथा रोजगारी प्रवर्द्धन हुने खालको योजनामा केन्द्रित भई सबै प्रकारका उपलव्ध श्रोत-साधनहरुको दिगो व्यवस्थापनबाट उत्पादन र उत्पादकत्वमा बृद्धि गरी सबै क्षेत्रका न्युनता र अभावलाई क्रमशः घटाउँदै लगिनेछ । समस्त नगरवासीको जीवनस्तरमा सुधार ल्याउने आर्थिक, सामाजिक, भौतिक, वातावरणीय विकास गर्दै नगरको तीब्र विकासमा उन्मुख आधारशीलालाई मध्यनजर गरी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायको समग्र हकहितको रक्षा गर्दै आत्मनिर्भर, सुखी नगरवासी, समृद्ध नागरिक एवं समुन्नत गौरादहलाई स्थापित गर्नु हामी सवैको साझा दायित्व हुनेछ । असीमित आवश्यकतालाई सीमित श्रोत साधनको विशिष्ट उपयोग गर्दै पूरा गर्नेतर्फ विशेष ध्यान दिइएको छ । राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी, कर्मचारी, उद्योगी, व्यवसायी लगायत सम्पूर्ण तह र तप्काबाट प्राप्त सल्लाह सुझाव तथा वडागत रुपमा छलफलबाट प्राप्त भएका मार्गदर्शनका आधारमा तयार पारिएको यस नीति तथा कार्यक्रमले अपेक्षा गरेको लक्षित उद्देश्य हासिल गर्न सवै पक्ष र तहबाट पर्याप्त सहयोग पुग्ने विश्वास लिएको छु ।

अब म आगामी आ.व. ०८३\०८४ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका प्रमुख नीतिगत आधार र मार्गनिर्देशनहरु प्रस्तुत गर्न चाहन्छु।

- नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य र अधिकार सम्बन्धी प्राथमिकताहरु,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का नीतिगत व्यवस्था र प्राथमिकताका आधारहरु,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को नीतिगत व्यवस्था तथा प्राथमिकता,
- अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ ले गरेका नीतिगत व्यवस्था,
- संघीय सरकारको सोर्हौं पञ्चवर्षीय योजनाको व्यवस्था तथा दिगो विकासका लक्ष्य,
- स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनले निर्दिष्ट गरेको बार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु,
- नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त समानीकरण अनुदान र राजश्व बाँडफाडको सिलिङ सहितको मार्गदर्शन,
- संघ र प्रदेश सरकारबाट प्राप्त अन्य मार्गदर्शन एवंम् निर्देशन र सुझावहरु,
- संघीय आवधिक योजनाले निर्दिष्ट गरेको लक्ष्य एवम् उद्देश्यहरु,
- संघ तथा प्रदेश सरकारले अन्तराष्ट्रिय रुपमा जाहेर गरेका प्रतिवद्धताहरु,
- कोशी प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु
- कोशी प्रदेश सरकारको पञ्चवर्षीय योजना
- गौरादह नगरपालिकाका विद्यमान ऐन, कानूनहरु
- गौरादह नगरपालिकाको राजश्व परामर्श समितिका सुझाव र प्रतिवेदनहरु
- गौरादह नगरपालिकाको श्रोत अनुमान तथा सीमानिर्धारण समिति र विषयगत समितिका मार्गदर्शनहरु
- नगरपालिकाको आवधिक योजना, विषय क्षेत्रगत रणनीति तथा जनस्तरको सुझाव र प्रतिवद्धताहरु

**नगरसभा सदस्यज्यूहरु,**

आ.व. २०८३\०८४ का लागि प्रस्ताव गरिएका नीति, योजना कार्यक्रममा भौतिक पूर्वाधार, सामजिक विकास, कृषि तथा पशुपञ्छी विकास, सुशासन तथा सार्वजनिक सेवा प्रवाह, क्षमता विकास र वातावरण संरक्षण तथा विपद् व्यवस्थापन आदिलाई प्राथमिकता दिईएको छ। जुन तपसिल अनुसार रहेका छन्-

## क. <u>भौतिक पूर्वाधार विकास</u>

### १. सडक

- नगरपालिकाभित्र सुरु गरिएका सडकहरु पालिका, संघीय सरकार र प्रदेश सरकारबाट निरन्तरता दिई सम्पन्न गर्न प्रभावकारी भूमिका निर्वाह गरिनेछ।
- नगरपालिकाले सुरु गरेका निम्न सडकहरुलाई निरन्तरता दिई आ.व. ०८३/०८४ मा सम्पन्न गरिनेछ। त्यस्ता सडकहरुमा वडा नं. १ को अर्जुनदेव राई गौरादह सडक, वडा नं. २ को हिमाल चोक-हाँसखोरा-मादलडाँडा सडक, वडा नं. ३ को गैरीगाउँ सडक, सिंहदेवी सडक, जयबहादुर अधिकारीको घरबाट गंगाराम भण्डारी सडक, वडा नं. ५, ४, ६ को सोमी चोक-चप्रमारी-टंगुवा

सडक, वडा नं. ७ को सुकुना झोलुङ्गे पुल सडक, वडा नं. ८ को वैराती गौरीगन्ज सिमाना सडक, वडा नं. ९ को वडा कार्यालय, १९ नं. नहर हुँदै हुलाकी मार्ग सडकहरु छन् ।

- त्यसैगरी, संघीय सरकारबाट बैगुन्धुरा-तुलाचन सडक, वडा नं. ९ मरियाकृष्णे-सिद्धिदाता-सशस्त्र वेशक्याप सडक, कोहवरा-ग्वालडुवा-बैगुन्धुरा-महाभारा सडक, वडा नं. २, ७ र ८ को हिमाल चोक-दहलु-ठकठके-दन्तकाली हुलाकी मार्ग सडक, वडा नं. ८ को चन्दनचोक-गौरिया सडक, ८ नं. वडा सिमाना, गौरीगन्ज ३ को सिमाना चिउरा मिल गौरीगन्ज क्याम्पस सडक, वडा नं. ७ को ओस्ती चोक-फकिरढीप सडक, भेट्वाल चोकपूर्व पुरानो ग्वालडुवा शान्ति चोक हुँदै ग्वालडुवा सडक, वडा नं. ६ को सोमी चोक-दामुना-गौरिगन्ज सडक, डोरामारी-बनिया टोल-आरती नगर सडक, वडा नं. ३ को धोविनिया-नौवाटोली सडक, वडा नं. ३ र ४ गुराँस चोक चप्रामारी सडक, वडा नं. ४ रंगपुर-मिलन चोक-फत्तेपुर सडक, वडा नं. ४ र ५ देवी मार्ग र  वडा नं. ४, १ चैतुचोक-डिठ्ठा चोक सडकलाई निर्माण निरन्तरता दिन सम्बन्धित विभाग र मन्त्रालयमा अनुरोध गरिएको छ।
- त्यस्तै प्रदेश सरकारसँग समेत समन्वय गरी वडा नं. १ को गुरुङ चोक-रंगपुर सडक, प्रज्वल क्याम्पस वडा कार्यालय हुँदै हिमाल चोक सडक, वडा नं. ४ को जोरघरे-दोभान सडक, वडा नं. ६ र ५ को चान्दु र भद्रकाली सडक, वडा नं. ७ भेटुवाल चोक-डोके चोक-दुधाली सडक, वडा नं. ८ को वडा कार्यालय-बैराती मन्दिर सडक, वडा नं. ९ को दुर्वीस चोक-त्रिवेणी चोक सडक आ.व. २०८२/८३ मा निर्माण कार्य सुरु भएको छ र उक्त सडकहरु आ.व ०८३\०८४ मा सम्पन्न गर्न सम्बन्धित निकायलाई अनुरोध गरिएको छ।
- प्रदेश सरकारबाट बिगतमा ठेक्का लगाई अधुरो रहेका सडकहरु प्रदेशबाट पुरा गराउन सक्रिय पहल गरिनेछ । ती सडकहरु रचना बोर्डिङ-डिठ्ठा चोक सडक, डिठ्ठाचोक उत्तर सडक, स्कुलचौन-डिल्ली बाँध सडक, खरेलडाँडा-बरगाछी सडक लगायत अन्य सडकहरु आ.व. ०८३/०८४ मा सम्पन्न गर्ने गरी सकृयता बढाईनेछ । प्रदेश सरकारबाट आ.व ०८३\०८४ मा थप निम्न सडकहरु संचालन गरीदिन कार्यक्रम समावेशको लागि गरिएका अनुरोध स्वीकार गरी निम्न सडकहरु आ.व. ०८३\०८४ मा सम्पन्न गर्ने गरी योजना स्वीकृत र वजेट विनियोजन भएको छ।

  <u>निम्न</u>

  - दाहाल चौक-नमुना सडक वडा नं. १, पेट्रोलपम्प-सैनिकमोड सडक वडा नं. १
  - कृषि क्यापसदेखि शान्ति चौक धोविनिया सडक, अमर मा.वि. ज्ञानज्योति सडक वडा नं. २
  - श्रेष्ठ चौक-बगाली चौक सडक वडा नं. ३
  - राधाकृष्ण-खरेलडाडा सडक, वडा नं. ३
  - लक्ष्मण सेलर मिल सडक वडा नं. ३
  - दुर्गा चौक-शीव मन्दिर सडक, वडा नं. ४
  - जोरघरे-रामचन्द्रे दोभान सडक, वडा न. ४
  - अदैत चोक-चुप्पीखाडी सडक, वडा न. ४
  - डिम्वाउठा-खयरवारी सडक, वडा नं. ५,
  - मनकामना वडा कार्यालय सडक, वडा नं. ५

- रमेश रिजालको घर पूर्व चान्दु सडक, वडा नं. ५
- शान्ती चौक-बगाली चोक सडक, वडा नं. ७
- शान्ती चोक-जामवाडी सडक वडा नं. ७
- भेटवाल चोक-बगाली चोक सडक वडा नं. ७
- पन्चकन्या-दुधाली सडक वडा नं. ७
- जुरोपानी चोक-लक्ष्मी दाहाल सडक, वडा नं. ८
- काली मन्दिरपूर्व सुर्य भक्त सिटौला टोल सडक, वडा नं. ८
- कोहवरा महाभरा सडक उत्तर दुर्गा सामुदायिक भवन हुँदै पूर्व जोड्ने सडक वडा नं. ७
- भुपेन्द्र ढुङ्गानाको घरदेखि कोहोवरा महाभार जोड्ने सडक, वडा नं. ९
- हुलाकी मार्ग हुँदै निलगिरी सडक वडा नं. १
- फकिरढीप-जनज्योती सडक वडा नं. ६
- आरतिनगर-वरपिपल चोक सडक वडा नं. ६
- वरगाछी चोक Ncell टावर, वडा नं. ९
- चाँदनी चोक सुफल टोल, वडा नं. ९,
- भट्टाचोक-तेलगानी वडा नं. ८
- मामा चोक उत्तर कमल, वडा नं. ९
- हिमालचोक-ठकठके सडक वहुवर्षिय प्रदेश र खरेलडाँडा गौरीगंज्ञ संघीय अनुदान
- पारिजात चोक खानेपानी सडक वडा नं. १,४,५ प्रदेश वहुवर्षीय
- गौरादह पोखरी वहुवर्षीय योजना प्रदेशवाट निर्माण सकिनेछ। संघीय समपूरक समेतवाट कटकपूर-भद्रकाली सडक वडा नं. ५ कार्य गरिनेछ।
- गौरादह बसपार्क वडा नं. १ निर्माण कार्य सुरु गरिनेछ।
- जग्गा प्राप्त गरि कोशी सास्कृतिक भवन, गौरादह निर्माण कार्य प्रारम्भ गरिनेछ।

नगरपालिकाकै लागतमा वडा नं. १ जयमार्ग, वडा नं. २ भोजपूरे-सिक्टिया ठाकुर चोक सडक, राजवंशी चोक-प्रभुधाम सडक वडा नं. ८ र चौतारा देखि सशत्र क्याम्प सडक, वडा नं. ९, शान्ती मार्ग नमुना टोल, वडा न. १, भद्रकाली कालिकास्थान वडा नं. ६, जस्ता सडकको निर्माण कार्य अघि वढाउन प्रयत्न गरिनेछ।

उज्यालो शहर कार्यक्रम अन्तर्गत प्रदेश सरकारको साझेदारीमा वडा नं. ९ बैगुनधुरा बजार, वडा नं. ६ दामुना वजार, कोहवरा बजार, वडा नं. ५ वालुवधान वजार, चप्रामारी बजारमा निःशुल्क सडकवत्ति विस्तार गरिनेछ।

## २. पुल तथा कल्भर्ट

- नगरपालिकाबाट आफ्नै लगानीमा सुरु गरिएका कृष्णेखोला मोटरेवल पूल र अन्य बक्स कल्भर्टहरुलाई सम्पन्न गरिएको छ।
- संघीय सरकारसँग समन्वय गरी वडा नं. ५ को चान्दु खोला पुल र वडा नं. १ बाट कमल गा.पा.-७ जाने रङ्गपुर-गौरिया खोला पुल आ.व ०८३\०८४ मा सम्पन्न हुने गरी पूर्वाधार विकास कार्यक्रम

ईटहरीबाट ठेक्का प्रकृया अघि बढाई सकिएको छ। अन्य पुलहरु कमल जोड्ने कृष्णेखोला पुल वडा न. १ र गौरिया खोला पूल वडा नं. ३,४ रहेको छ।

- नगरपालिका भित्रका गौरिया खोला, रामचन्द्रे खोला, चान्दुखोला, कृष्णे खोला, कमल खोला लगायतका स्थानहरुमा झोलुङ्गे पुल तथा फलामे ट्रसब्रिज निर्माण कार्यलाई निरन्तरता दिई स्थानीय आवागमनलाई सहज बनाइनेछ।

## ३. खानेपानी पूर्वाधार विकास तथा स्वच्छ खानेपानी वितरण

- गौरादह नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका र नरहेका खानेपानी आयोजनाहरुको सुधार तथा विस्तार गर्न नेपाल सरकार खानेपानी मन्त्रालय तथा प्रदेश सरकार खानेपानी मन्त्रालय समेतसँग समन्वय गरी सञ्चालन नभएको कोहवरा खानेपानी आयोजना निर्माण कार्यलाई विशेष प्राथमिकतामा राखी कार्य अघि बढाइनेछ।
- बाँकी खानेपानी आयोजनाहरु- गौरादह खानेपानी सहलगानी कार्यक्रम, बैगुन्धुरा खानेपानी विस्तार सुधार, कोहवरा धरधरे खानेपानी विस्तार सुधार, महारानीझोडा खानेपानी र चान्दु ८ नं. खानेपानी दुवैको विस्तार र सुधार, सितापुरी खानेपानी विस्तार सुधार, ग्वालडुवा खानेपानी र जुरोपानी खानेपानी विस्तार सुधारको कार्यलाई अघि बढाउन प्रदेश सरकार र संङ्घीय खानेपानी आयोजना सँग अनुरोध गरिनेछ। खानेपानी ऐनलाई पुनर्लेखन गरी नँया ऐन जारी गरिनेछ।
- आगामी २ वर्षभित्र सम्पूर्ण खानेपानी आयोजनालाई सञ्चालनमा ल्याई गौरादह नगरपालिकामा शुद्ध खानेपानीको व्यवस्थालाई पुरा गरिनेछ।
- स्कुलचौन बजारमा भएको पानीको व्यवस्थापन कार्य संघीय सरकार शहरी विकास मन्त्रालय सघन शहरी विकास कार्यक्रमसँग समन्वय गरी आ.व. २०८२/०८३ मै सम्पन्न हुनेगरी कार्य भै रहेकोमा विशेष कारणबस सम्पन्न हुन नसकेमा सो योजनालाई निरन्तरता दिन सम्बन्धित निकायमा पहल गरिनेछ।
- यस नगरपालिका अन्तर्गत सबै नागरिकलाई स्वच्छ र गुणस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता सेवा उपलब्ध गराउन आगामी आर्थिक बर्षमा जलवायु उत्थानशील समावेशी खानेपानी सरसफाई तथा स्वच्छता (Climate Resilient WASH Plan) योजनालाई अनुमोदन गर्ने, पूर्णता दिने र MIS लाई नियमित अद्यावधिक गर्न आवश्यक बजेट विनियोजन गरिनेछ। साथै गौरादह खानेपानी आयोजनामा रहने गरी खानेपानी ल्याव संचलन गर्न बजेट विनियोजन गरिनेछ।
- जलवायु उत्थानशील समावेशी खानेपानी सरसफाई तथा स्वच्छता (Climate Resilient WASH Plan) योजना अनुसारका लक्षहरु हासिल गर्नका लागि लगानी बृद्धि, सेवा दक्षता अभिबृद्धि, प्रभावकारिता, सुशासन कायम गर्दै विद्यमान खानेपानी आयोजनाहरुको स्तरोन्नति, मर्मत र सञ्चालन गर्न बजेट विनियोजन गरी स्वच्छ र गुणस्तरीय खानेपानी सेवा सुनिश्चित गरिनेछ।
- घरायसी स्तरमा खानेपानीको सुद्धीकरण तथा स्वच्छता सम्बन्धी व्यवहार परिवर्तनका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिबृद्धि गरी समुदायमा जनचेतनामुलक अभियानका लागि बजेट विनियोजन गरिनेछ।

### ४. विद्यालय भवन निर्माण तथा खेलमैदान भौतिक सुधार

- आगामी आर्थिक वर्ष जनज्योति मा.वि. गौरादह-६ को लागि थप भवन र खेलमैदान, गौरिया आ.वि. वडा नं. ७ को थप भवन र पूर्वाधार, वडा नं. ८ को बैराती आ.वि. र अरुणोदय आ.वि. भवन निर्माण कार्य, वडा नं. १ जनता मा.वि. भवन निर्माण कार्य र वडा नं. ५ जनता मा.वि. को भवन निर्माण कार्य, स्कुलचौन मा.वि. खेलमैदान बनाउने कार्य र अमर मा.वि गौरादह-२ र अमर मा.वि गौरादह-९ मा ४ कोठे भवन निर्माण गरिनेछ। आ.व. २०८३/०८४ मा सम्पन्न गर्ने नेपाल भारत सहयोगमा जनता मा.वी, गौरादह-१ विद्यालय भवन आ.व ०८३\०८४ मा संचालन गर्ने गरी निर्माण कार्य अघि बढाईएको छ। साथै अन्य विद्यालयको भवन र भौतिक सुधारतर्फ ध्यान दिईनेछ ।

### ५. नदी नियन्त्रण तथा तटबन्ध निर्माण

- रतुवा नदीको तटबन्धनको कार्य संघीय सरकार, ए.डि.वि. को सहयोग र जनताको तटबन्धन कार्यक्रमबाट स्थायी रुपमा बाँध बनाउने कार्यलाई निरन्तरता दिन पालिकाले सक्रिय समन्वय गर्नेछ।
- चान्दु, रामचन्द्रे, गेउरिया, दामुना, कृष्णे र सानो कमल जस्ता खोलाहरुबाट हुने कटान र क्षति न्यूनीकरण गर्न प्रदेश सरकार तथा सिंचाई डिभिजन कार्यालय र राष्ट्रिय चुरे संरक्षण परियोजना समेतसँग समन्वय गरी नियन्त्रण र न्यूनीकरण गरिनेछ ।
- विपद व्यवस्थापन समितिबाट विपद न्यूनीकरण तथा प्रतिकार्य योजना बनाई अस्थायी रुपमा तटबन्ध निर्माण गरी नदी नियन्त्रण तथा बाढी न्यूनीकरण कार्य गरिनेछ ।

### ६. पर्यटन तथा संस्कृति प्रर्वद्धन र पर्यटन पूर्वाधार

- प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरी प्रस्तावित आदिवासी संग्रहालय वडा नं. ७, राजबंशी, चौधरी महाराजा स्थान वडा नं. ७, बौद्ध गुम्वा वडा नं. ७, नानकचन्द मन्दिर वडा नं. ७, गौरीगङ्गा घाट वडा नं. ७ र रामचन्द्रे सिमसार तथा पर्यटन पूर्वाधार वडा नं. ४, गौरादह पार्क वडा नं. १ टिकघारी र ऐतिहासिक गौरादह पोखरीको निर्माण कार्य सुचारु गरिनेछ ।उक्त योजनाहरु आगामी २ वर्षभित्र पुरा गर्ने गरी रोक्का बजेट पुनः सक्रिय बनाईदिन नेपाल सरकारसँग अनुरोध गरिनेछ।
- गौरादह पोखरीको पुनर्निर्माण गरी यस क्षेत्रको पर्यटकीय गन्तब्यको रुपमा विकास अघि बढाईएकोले आगामी आ.व २०८४ भित्र गर्न प्रदेश सरकारवाट बहुबर्षिय ठेक्का प्रकृया पुरा हुने गरी कार्य अघि बढाईएको छ।
- रामचन्द्रे सिमसार, कृष्णेखोला सिमसार लगायतका नयाँ पर्यटकीय गन्तब्यको पहिचान र विकास गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र रहेका हात्तिडुब्बा, वैराती जस्ता ऐतिहासिकता बोकेका स्थानहरुलाई नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक कार्य अगाडि बढाईनेछ।
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्न गौरादह नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने र स्थानीय उत्पादन उपयोग गर्न सामुहिक होम-स्टे सुधारका लागि सहुलियत प्रदान गरिनेछ।

- स्थानीय स्तरका कला, संस्कृति, चाडपर्व, भाषा, भेषभुषाको संरक्षण गरी आन्तरिक तथा बाह्य पर्यटनसँग आवद्ध गरिनेछ। नगर क्षेत्रमा आदिवासी जनजाति संग्रहालय निर्माणको प्रकृया रोकिएकोले फुकुवा गरी दिन नेपाल सरकारसंग अनुरोध गरिनेछ।
- पर्यटकीय सम्भावना र महत्व बोकेका पर्यटकीय क्षेत्र र ताल-तलैया सीमसार लगायतका क्षेत्रहरुको संरक्षण र सम्वर्द्धन गर्ने गरी पूर्वाधारहरुको विकास गरिनेछ ।

## ७. एकिकृत नमुना वस्ती निर्माण

- आ.व. ०८२\०८३ मा ठेक्का लगाईएका पचास वटा नमुना घर पुरा गरी लाभग्रहीलाई उपलब्ध गराईने र आ.व. ०८३\०८४ मा थप २२ वटा घर निर्माण गरी लाभग्राहीलाई हस्तानतरण गरिनेछ।

## ८. भवन तथा संरचना

- निर्माण कार्य प्रारम्भ गर्नुपूर्व भवन निर्माण अनुमति लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ। निर्माण प्रकृया सम्पन्न भएपछि मात्र अभिलेखीकरण गर्ने प्रणालीलाई निरुत्साहित गरिनेछ।
- निर्माणपूर्व अनुमति लिने नगरवासीलाई तोकिए बमोजिम दस्तुरमा सहुलियत प्रदान गरिनेछ। यसअघि निर्माण भएका भवन संरचनाको अभिलेखीकरण आ.व. प्रारम्भ भएको तीन महिनाभित्र गरेमा लाग्ने दण्ड जरिवाना छुट दिइनेछ।
- नगरपालिका क्षेत्रभित्र भवन तथा संरचना निर्माणको Drawing , Designing गर्न नगरपालिका भित्रै सुपथ मूल्यमा सेवा उपलब्ध गराइनेछ।
- लैंगिक समानता, अपाङ्गता र सामाजिक समावेशी (Gender Equality, Disability and Social Inclusion) मैत्री सार्वजनिक संरचना निर्माण कार्यलाई विशेष प्राथमिकता साथ लागू गरिनेछ ।

## ९. योजना तर्जुमा तथा पूर्वाधार विकास

- दीर्घकालीन, बहु-वर्षीय, ठुला प्रकृतिका र अधुरा, सडक कालोपत्रे गर्ने लगायतका पूर्वाधार सम्बन्धी योजनाहरु विशेष प्राथमिकतामा राखी आगामी आ.व.मा निर्माण सम्पन्न गर्ने गरी कार्यान्वयन गरिनेछ। साना तथा टुक्रे प्रकृतिका योजनाहरुलाई क्रमश: विस्थापित गर्दै लगिनेछ।
- हाल निर्माण कार्य भइरहेका र निर्माणाधीन सडक आगामी आर्थिक वर्षभित्रै निर्माण सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाईनेछ ।
- कृषि, पर्यटन, वैकल्पिक ऊर्जा प्रवर्द्धन र वातावरणमैत्री पूर्वाधार निर्माणका योजनाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- विपन्न परिवारलाई विद्युत तथा खानेपानी मीटर उपलब्ध गराउन अनुदानको व्यवस्था मिलाईनेछ।
- सडकवत्तिको व्यवस्थापनको लागि वडा कार्यालय, टोल विकास संस्था र उपभोक्तालाई जिम्मेवार बनाइनेछ। सोको कार्यविधि निर्माण गरी लागू गरिनेछ।
- सार्वजनिक-निजी साझेदारीमा नगरक्षेत्रमा वैकल्पिक ऊर्जा विकासका लागि साझेदारी मोडेलमा नवीकरणीय ऊर्जा स्टेशन निर्माण कार्य अगाडि बढाईनेछ। साथै विद्युतीय चुलो, सुधारिएको चुलो र गोवर ग्यासको लागि वैकल्पिक व्यवस्था गरिनेछ।

- व्यक्ति, संघसंस्था एवम् उपभोक्ता मार्फत कम्तीमा ३० प्रतिशत लागत साझेदारी सुनिश्चित हुने योजनाहरुलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- सडक सुधार तथा सडक मर्मतसम्भार र भौतिक संरचना मर्मत तथा सुधार कार्यको छुट्टै मर्मतसम्भार कोष स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिका क्षेत्रभित्रका शवदाह स्थलहरुको पुनःनिर्माण गरी व्यवस्थित र सुविधा सम्पन्न बनाईनेछ।
- योजनाहरुको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण कार्यको लागि कानूनी एवम् संस्थागत संयन्त्र विकास गरी योजना अनुगमन प्रकृयामा प्रभावकारिता वृद्धि गरी उच्चतम नतिजा प्राप्त गरिनेछ।
- टोल विकास संस्थाहरुलाई व्यवस्थित गरी अनुगमन\मूल्याङ्कन कार्यमा टोल विकास संस्था, जनप्रतिनिधि तथा स्थानीय नागरिकको समेत परिचालन गरी नतिजा प्राप्तिमा सुनिश्चितता गरिनेछ।
- गौरादह नगरपालिका वडा नं. १ मा रहेको सरकारी जग्गा उपयोग गर्नेगरी निर्माण गरिएको विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम Children Park निर्माणको लागि नेपाल सरकारलाई अनुरोध गरिनेछ।
- मुख्य बजार क्षेत्र र धार्मिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका क्षेत्रहरुमा सडकवत्ति व्यवस्था गर्न उज्यालो सहर योजना ल्याई प्रदेश सरकारसँगको साझेदारीमा सम्पन्न गरिनेछ।
- महत्वपूर्ण सडकहरुलाई गौरवको आयोजनाका रुपमा बहुवर्षीय आयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।
- गौरादहबासीको स्वास्थ्य आरोग्यताको लागि नगरपालिका क्षेत्र भित्र पदमार्ग निर्माण कार्यका लागि प्रोत्साहन गरिनेछ।

## ख. आर्थिक विकास नीति

### १. राजश्व प्रशासन सुधार

- चालु आर्थिक वर्ष देखि संचालनमा आएका आन्तरिक राजश्व कार्यालयले प्रदान गर्ने व्यक्तिगत PAN नं. दर्ता, कर चुक्ता प्रमाणपत्र, व्यवसायिक प्यान लगायतका सेवाहरुलाई अझ चुस्त रुपमा गौरादह नगरपालिकाको कार्यालयबाट प्रदान गरिनेछ।
- नगरपलिकाको आन्तरिक आय संकलनका दायराहरु फराकिलो पारी वैज्ञानिक कर प्रणाली लागू गरिनेछ। आन्तरिक आयबृद्धिको लागि राजश्वका स्रोतहरुको दर र दायरामा समय सापेक्ष सुधार गरिनेछ ।
- करसम्बन्धी जनचेतना अभिवृद्धि गरी बढी भन्दा बढी ब्यक्तिहरुलाई करको दायरामा ल्याउन करदाता शिक्षा, तालिम/गोष्ठीका कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिकाबाट प्रदान गरिने सेवा लिनुपूर्व नगरपालिकालाई बुझाउनु पर्ने सबै प्रकारका कर र दायित्व भुक्तानीको सुनिश्चितता गरिनेछ।
- करमा आवद्ध गर्न नसकिएका ब्यक्ति/संस्थालाई करमा आवद्ध गर्न निश्चित समयका लागि कर सहुलियत कार्यक्रम सञ्चालन गरिनेछ ।

- सबै प्रकारका करदाताहरुलाई करको दायरामा ल्याई राजश्व वृद्धि गर्न बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ।
- नगरपालिकाभित्र संचालित निजी विद्यालय, स्वास्थ्य संस्था, मनोरञ्जन संस्था र त्यस्तै प्रकृतिका ब्यवसाय गर्ने संस्थाको अनिवार्य दर्ता गर्ने, स्वीकृति लिने ब्यवस्था मिलाइनेछ।
- राजस्व सुधार कार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित पक्षहरुको सवलीकरणमा जोड दिइनेछ।
- बैंक तथा वित्तीय संस्थाहरुमा कारोबार गर्ने, पानीको धारा, बिजुलीबत्ति जडान गर्ने, मालपोत कार्यालयमा घरजग्गा पास गर्नेहरुलाई नगरपालिकाको सम्पत्ति कर, घरबहाल कर लगायत सबैमा करचुक्ता प्रमाण-पत्र अनिवार्य गर्ने ब्यवस्था गरिनेछ।
- करमा स्व-घोषणा नीति अवलम्बन गरी कर तिर्न आउने करदातालाई विशेष प्रोत्साहन गरिनेछ। आ.व. सुरु भएको दुई महिनाभित्र सम्पूर्ण कर दायित्व भुक्तानी गर्ने करदातालाई सहुलियत प्रदान गरिनेछ।
- कर तिर्न अटेर गर्ने, झुठो विवरण पेश गर्ने, कर छली गर्ने करदातालाई जरिवाना सहित नगरपालिकाले प्रदान गर्ने सुविधा कटौती गरिनेछ ।
- नियमित कर तिर्ने वा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान र प्रोत्साहन गरी असल अभ्यासको थालनी गरिनेछ ।
- बिज्ञापन करलाई थप व्यवस्थित गरिनेछ ।
- राजश्व संकलन बढाउन वडागत रूपमा राजश्व सम्बन्धी घुम्ती सेवा केन्द्र सञ्चालन गरिनेछ ।
- व्यवसाय करको दायरा विस्तार गर्न सवै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउन सवै व्यवसायको अभिलेखीकरण गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका आपूर्तिकर्ता, सेवा प्रदायकहरु लगायत सबै प्रकारका व्यापार व्यवसाय उद्योगहरुले अनिवार्य रुपमा व्यवसाय दर्ता तथा अभिलेखीकरण गर्नुपर्ने व्यवस्था गरिनेछ।
- नगरपालिकाको कार्यालय वा वडा कार्यालयबाट कुनै पनि रकम भुक्तानी गर्दा चालू आ.व. का लागि व्यवसाय दर्ता, नवीकरण र नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने सबै दायित्व पूरा गरे पश्चात मात्र भुक्तानी दिने व्यवस्था लागू गरिनेछ।

## २. कृषि विकास तथा सिचाई

- कृषि उत्पादन बढाउन सिंचाई सुविधा विस्तारका लागि हाल भईरहेका सिंचाईका श्रोतहरु व्यवस्थापन गरी अधिकतम उपयोगी बनाईनेछ।
- सिंचाइका लागि विद्युत मोटर बोरिङ्ग प्रयोग गर्ने किसानहरूलाई विद्युत महसुलमा सुख्खा याम महिना फागुनदेखि जेष्ठसम्म ४ महिनाको महसुलमा १०० प्रतिशत अनुदान तथा मिनि कोल्डस्टोरको महसुलमा ७५ प्रतिशत अनुदान उपलब्ध गराईनेछ। समुदायस्तरबाट संचालित डिप वोरिङ महसुलमा अनुदानलाई निरन्तरता दिईनेछ।
- उत्पादित वस्तुहरूको पोस्ट-हार्वेस्ट क्षति रोक्न विशेष पहल गरिनेछ। अन्नबाली सुकाउने मेसिन (Seed Drier Machine) को स्थापना गर्ने पहल गरिनेछ।

- तरकारी र फलफूलहरूलाई ताजा र सुरक्षित राख्न बजार नजिकैको क्षेत्रमा शीतगृह (Cooling Chamber) निर्माण तथा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
- किसानहरुलाई उन्नत बिउविजन ५० प्रतिशत अनुदानमा सहज रुपमा उपलब्ध गराइनेछ।
- कृषिमा उत्पादकत्व बढाउन निःशुल्क माटो परीक्षणको सुविधा उपलब्ध गराई परीक्षण नतिजाको आधारमा माटो सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।
- बालीमा एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management-IPM) अभ्यास अवलम्बन गरिनेछ।
- कृषि सहकारीलाई प्रवर्द्धन गरी कृषि उत्पादनलाई मूल्य श्रृंखलाको आधारमा बजारसँग आवद्ध गरिनेछ।
- कृषिको आधुनिकीकरण गर्दै सम्भाव्यताका आधारमा कृषि ज्ञान केन्द्र, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना र पशु विज्ञ केन्द्रहरुसँगको सहकार्यमा पकेट क्षेत्र कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- **"फोन गरेको ३० मिनेटमै कृषि प्राविधिक किसानको खेतबारीमा"** भन्ने मुल नाराका साथ कृषि प्राविधिक किसानहरुको खेतबारीमा नै पुगी निःशुल्क सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।
- कृषि यान्त्रीकरणका लागि कृषि सहकारी र कृषक समुहहरुसँग एकै थलोबाट (Custom Hiring Center) कृषि उपकरणहरु न्यूनतम भाडा दरमा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।
- नगरस्तरीय कृषि यान्त्रीकरण कार्यक्रमहरु सञ्चालन गर्दा कृषि अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८० बमोजिम कार्यान्वयन गरिनेछ ।
- गह्रासुधार तथा चाक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- खर्बुजा खेती, फलफुल खेती, च्याउ खेती, करेसाबारी खेती, मसाला बाली तथा बहुक्षेत्रीय पोषण बालीको उत्पादनलाई प्रोत्साहन गरिनेछ।
- कृषि तथा पशुपालनका असल अभ्यासको अध्ययन तथा अबलम्बन गराउन कृषक अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।
- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST), नेपाल कृषि अनुसन्धान परिषद (NARC) र कृषि क्याम्पससँगको समन्वय र सहकार्यमा सबै वडाहरुमा **"कृषि बाली प्रर्दशन"** कार्यक्रम अगाडि बढाइनेछ।
- नगरपालिकाभित्र खेती भईरहेका बिभिन्न लोपोउन्मुख रैथाने बालीको संरक्षण, संबर्द्धन, बिबिधीकरण तथा बजारीकरणमा टेवा पुर्याउनको लागि अनुदान दिईनेछ।
- विषादिको प्रयोगलाई कम गर्न सुरक्षित बिषादि सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- प्रत्येक वडामा **"जैविक कृषि नमुना प्लट"** सथापना गरी जैविक तथा प्राकृतिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहित गरिनेछ।
- **Seed Village Concept (बीउ गाउँ अवधारणा)** अन्तर्गत उच्च गुणस्तरको बीउ उत्पादन गर्ने किसानहरूको समूह बनाई, उनीहरुलाई आवश्यक प्राविधिक ज्ञान, स्रोत र सहकार्य उपलब्ध गराएर स्थानीय स्तरमै गुणस्तरीय बीउ उत्पादन र वितरण सुनिश्चित गर्न विषेश प्रणाली सञ्चालन गरिनेछ।

- कृषि वाली विमा गर्ने किसानलाई प्रिमियममा ५०% अनुदान उपलब्ध गराईनेछ।
- जैविक तथा कम्पोस्ट मल कारखाना निर्माण गर्न अनुदानको व्यवस्था गरिनेछ।

## ३. पशुपंछी विकास तथा मत्स्यपालन

- फोन गरेको ३० मिनेटमै पशुपंक्षी प्राविधिक किसानको गोठ, खोरमा पुगी निःशुल्क सेवा उपलब्धलाई निरन्तरता दिइनेछ।
- नगरपालिका र किसानको लागत साझेदारीमा पशु बिमा गर्ने कृषकलाई प्रिमियमको ५०% अनुदान उपलब्ध गराईनेछ।
- पशु प्रजनन बिकृति, बाँझोपना, गर्भ तुहिने, संक्रामक रोगहरु न्युनीकरण गर्न बिशेषज्ञ सेवा सहितको घुम्ती शिविर सञ्चालन गरी दुध तथा मासुको उत्पादकत्व बढाइनेछ।
- रेबिज रोग नियन्त्रणका लागि सामुदायिक कुकुर बन्ध्याकरण कार्यलाई निरन्तरता दिईनेछ।
- जीबिकोपार्जन साथसाथै आर्थिक उपार्जनको मुख्य आधारको रुपमा रहेको पशुपालन क्षेत्रको यान्त्रीकरण गरी पशुपालनलाई प्रोत्साहन गरिनेछ।
- बाह्रै महिना हरियो घाँसको व्यबस्थापन गरी उत्पादन लागत घटाउन हिउँदे तथा बर्षे घाँसको बिउ बितरण गरिनेछ।
- नगरपालिकालाई दुध र मासुमा आत्मनिर्भर बनाउन पशुपंक्षी व्यवसाय प्रवर्द्धन र प्रोत्साहन गरिनेछ।
- पशुपंछीहरुको महामारी रोग बिरुद्धको खोप तथा प्राथमिक उपचार सेवा निःशुल्क उपलब्ध गराउने ब्यवस्था मिलाईनेछ ।
- पशुको नस्ल सुधारका लागि कृतिम गर्भाधान तथा प्राकृतिक गर्भाधान (उन्नत साँढे र राँगा बितरण) दुवै कार्यक्रम सञ्चालन गरिनेछ।
- पशु विज्ञान विषयमा अध्ययनरत विद्यार्थीहरुको लागि कृषकको घर/गोठलाई नै सिकाई स्थलको रुपमा प्रयोग गर्नेगरी (On the Job Training) मा आवद्ध गरिनेछ।
- गौरादहलाई माछा उत्पादनमा आत्मनिर्भर बनाउन ब्यवसायिक माछापालन तालिम र उन्नत माछाको भुरा बितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- पशुपालनका क्षेत्रको असल अभ्यासको अध्ययन अवलोकन गरी नवीन कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## ४. सहकारी तथा गरिवी निवारण, उद्योग, श्रम र रोजगारी

- नगरपालिकाभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुमध्ये नगरपालिकामा सुचीकृत नभएका, लेखापरीक्षण विवरण नबुझाएका, सञ्चालनमा नदेखिएका निष्कृय सहकारीहरुको दर्ता खारेजीको प्रकृया अगाडि बढाईनेछ ।
- सहकारी संस्थाहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुका साथै सहकारी विकासको कार्यक्रम आयोजना गरिनेछ ।
- सहकारी संस्थाहरुको अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाउन सहकारी अनुगमन सम्बन्धी कार्यविधि अनुरुप अनुगमन गरिनेछ।
- सहकारीहरुको लागि सहकारी संस्थाहरुसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- सहकारी संस्थाहरुको क्षमता अभिबृद्धिका लागि COPOMIS, PEARLS, सम्पति शुद्धिकरण निवारण सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ ।
- सहकारी संस्थाहरुसँगको साझेदारीमा कृषिको उत्पादन र उत्पादकत्वमा बृद्धि, बजारीकरण र सहकारी सुशासन सम्बन्धी कार्यक्रमहरु गरिनेछ ।
- नगरपालिकाभित्र दर्ता र सञ्चालनमा रहेका संस्था एवम् उद्योगहरुलाई CSR (Corporate Social Responsibility) अन्तर्गत नगर क्षेत्रभित्र सेवा उपलब्ध गराउन प्रोत्साहित गरिनेछ।
- तालिम लिएका व्यक्तिहरुको अभिलेखीकरण गर्न रोजगार व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी तथ्याङ्क अद्यावधिक गरिनेछ।
- गीरब तथा विपन्न परिवार पहिचानको कार्य यसै आ.व. मा सम्पन्न गरी परिचयपत्र वितरण गरिनेछ। गरिव, विपन्न लगायत आर्थिक रुपले पछाडि परेका परिवारलाई आयमुलक कार्यक्रममा आवद्ध गरिनेछ।
- गरीव परिवार पहिचान गरी निजहरुका लागि Micro Insurance (लघु बिमा कार्यक्रम) सञ्चालन गरिनेछ।
- गौरादह नगरपालिकाको स्थानीय रोजगार रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
- नगरपालिकाभित्र सूचीकृत बेरोजगार व्यक्तिहरुलाई सार्वजनिक पूर्वाधार निर्माणका कार्यहरुमा बढी भन्दा बढी संलग्न गराई अल्पकालीन रोजगारीको अवसर प्रदान गरिनेछ।
- रोजगारीको खोजीमा रहेका व्यक्तिहरु र रोजगार उपलब्ध गराउने संस्थाहरु बीच श्रम संसार प्रणाली मार्फत Job Matching गर्न सहजीकरण गरिनेछ।
- स्वरोजगार कार्यक्रम अन्तर्गत बेरोजगार युवाहरुलाई नगरपालिकाबाट सञ्चालन हुने योजनाहरुका काममा लगाई अल्पकालीन रोजगारी प्रदान गर्दै लगिनेछ।
- शुद्ध तोरीको तेलका लागी साना लघु तेल मिल संचालन गर्न अनुदानको व्यवस्था गरीनेछ।
- बैदेशिक रोजगार विभाग र बैदेशिक रोजगार वोर्डको सचिवालय मार्फत प्रदान गरिने श्रम स्वीकृति र कल्याणकारी सेवाका लागि सम्बन्धित निकायहरुसँग समन्वय विस्तार गरी प्रभावकारिता हासिल गरिनेछ।
- बैदेशिक रोजगारीमा जानेहरुका लागि Helvetas Nepal को सहयोगमा सुरक्षित आप्रवासन कार्यक्रम (The Safer Migration Program- SAMI) सामी कार्यक्रमको शुरुवात गरिनेछ |
- बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई सीपमुलक तालिम, वित्तीय साक्षरता तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीमा गएका तथा फर्किएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी सिप विकास तालिम र रोजगारी एवं आयआर्जन सम्वन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- लामो समय वैदेशिक रोजगार गरी फर्किएका रिटर्नीहरुलाई सामाजिकीकरण गरी उनीहरुको सीपको सदुपयोग गर्न सीपको आधारमा क्षेत्रगत सूची (Sectorial Roster) तयार गरिनेछ। विदेशमा सिकेको सीप उपयोग गर्न **"सीपको सम्मानः आयमा रुपान्तरण"** र **"श्रमको सम्मान हाम्रो अभियान"** कार्यक्रम सञ्चालन गरिनेछ।

- वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन विभिन्न सचेतनामुलक तथा तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा गएका घर-परिवारका सदस्यहरुलाई आय-आर्जन तथा सही क्षेत्रमा लगानी गर्न साक्षरता कक्षालाई निरन्तरता दिइनेछ ।
- वैदेशिक रोजगारीबाट सिर्जित सामाजिक मनोवैज्ञानिक समस्याहरु न्यूनीकरणको लागि मनोसामाजिक परामर्श कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ५. भूमि व्यवस्थापनतथा भू-उपयोग योजना

- भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरुको लगत संकलन तथा पहिचान गरी जग्गा नापी गरी समस्या समाधानतर्फ जिल्ला भूमि समस्या समाधान आयोगसँग समन्वय र सहकार्य गरी ५०० दिन भित्रमा समस्या समाधान गर्ने गरी काम थालनी गरिनेछ ।
- साविक महारानीझोडा हाल गौरादह वडा नं. ४ र ५ को जग्गाको समस्या समाधान गरी जग्गा दर्ता र जग्गाधनि दर्ता प्रमाण पूर्जा वितरण कार्यलाई प्रभावकारी बनाउन सम्वन्धित मन्त्रालय सँग समन्वय गरी भूमि प्रशासन कार्यालय मार्फत श्रेस्ता कार्यान्वयन गरिदिन पहल गरिनेछ।
- भूमि बैङ्कको अवधारणा अनुसार सरकारी, सार्वजनिक र प्राप्ति गर्न सकिने जग्गाको उचित व्यवस्थापन गरिनेछ। अतिक्रमणमा परेका सार्वजनिक जग्गाहरूलाई फिर्ता ल्याउने र भविष्यमा अतिक्रमण हुनबाट जोगाउने व्यवस्था मिलाइनेछ।
- भू-उपयोग नीति, २०७२ अनुरुप नगरपालिका क्षेत्रभित्रका जग्गालाई यसको प्रयोगको आधारमा कृषियोग्य, आवासीय, औद्योगिक, वन क्षेत्र, सार्वजनिक, सरकारी आदिमा वर्गीकरण गरी जग्गा उपयोगलाई व्यवस्थित गरिनेछ। जग्गाको कित्ताकाटलाई समय सापेक्ष वैज्ञानिक प्रणाली अनुसार व्यवस्थित गर्दै लगिनेछ र वर्गीकरण संशोधन गर्न चाहानेलाई एक पटकको लागि संशोधनको मौका दिईनेछ।
- GPS, GIS, स्याटेलाइट इमेजरी जस्ता आधुनिक प्रविधिको प्रयोग गरी भूमिको सही नापजाँच र नक्साङ्कन गरिनेछ।
- जग्गाधनी, कित्ता नम्बर, क्षेत्रफल, सीमाना, भूमिको प्रकार लगायत भूमिसम्बन्धी सबै जानकारी डिजिटल प्रणालीमा लगी भूमि सम्बन्धी तथ्याङ्कलाई सुरक्षित र सहज पहुँचयुक्त बनाइनेछ।
- नगरको समग्र विकासलाई ध्यानमा राखी भूमिको अधिकतम र दिगो उपयोग सुनिश्चित गर्न स्थानीय भू-उपयोग योजना निर्माण गरिनेछ। यसरी भूमिको उपयोग गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरी संवेदनशील क्षेत्रहरूलाई संरक्षण गर्ने व्यवस्था मिलाइनेछ।
- अव्यवस्थित सहरीकरण रोकी व्यवस्थित बस्ती विकासका लागि सहरी विकास योजनामा भूमिको उचित व्यवस्थापन गरिनेछ।
- पूर्वाधार विकासका लागि आवश्यक भूमिको उचित अधिग्रहण र व्यवस्थापन गरिनेछ।
- भवन निर्माणका लागि भूमिको नक्सापास अनिवार्य गर्ने र भवन संहिताको पालना गराइनेछ।
- अव्यवस्थित बसोबासलाई निरुत्साहित गर्दै योजनाबद्ध बस्ती विकासलाई प्रोत्साहन गरिनेछ। भूमि प्रशासन सम्बन्धी नापी तथा रजिष्ट्रेशन जस्ता कार्य पालिकाबाटै गर्न प्रस्ताव बढाईनेछ।

## ग. सामाजिक विकास सम्बन्धी नीति

### १. शिक्षा, युवा तथा खेलकुद

- नगरभित्रका सबै बालबालिकाहरुको लागि शैक्षिक पहुँचलाई सर्वसुलभ तथा गुणस्तरीय बनाई विद्यालयमा बालमैत्री शिक्षण सिकाई वातावरण तयार गरिनेछ ।
- विद्यार्थीलाई अनुशासित नैतिक गुणस्तर सम्पन्न नागरिकका रुपमा तयार गर्न शिक्षकहरुको सक्षमता विकासमा जोड दिइनेछ।
- बालविकास शिक्षालाई शिक्षाको पूर्वाधारको रुपमा स्थापित गर्दै आधारभूत तहलाई गुणस्तरीय शैक्षिक पूर्वाधारको रुपमा विकास गरिनेछ।
- आवश्यकताका आधारमा सामुदायिक विद्यालयका भौतिक संरचनाको निर्माण तथा विस्तार गर्दै लगिनेछ ।
- नगरपालिकाबाट सञ्चालन हुँदै आएको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा कक्षा ८ र कक्षा १० (एस.ई.ई.) अभ्यास परीक्षालाई निरन्तरता दिइनेछ।
- प्रारम्भिक बालविकास केन्द्रका शिक्षक तथा सहयोगीहरूको क्षमता अभिवृद्धि गर्ने र बालविकास केन्द्रहरूलाई पूर्ण रूपमा बालमैत्री बनाइनेछ।
- विद्यालयको भौतिक संरचनालाई विस्तार गर्दै आवश्यकताका आधारमा दिवा खाजा कार्यक्रमको व्यवस्थापनलाई थप प्रभावकारी बनाई स्थानीय स्तरमै उपलब्ध खाद्य सामग्रीको प्रयोगलाई जोड दिइनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि भर्ना अभियान, अतिरिक्त कक्षा सञ्चालन, विद्यार्थी सहयोग जस्ता पक्षमा आधारित भई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- धार्मिक विद्यालयहरुलाई शैक्षिक मूलप्रवाहीकरण गर्नुका साथै त्यस्ता विद्यालयको भौतिक तथा शैक्षिक सुधार गर्ने नीति अवलम्वन गरिनेछ
- फरक क्षमता भएका (अपाङ्ग भएका) सामुदायिक तथा संस्थागत विद्यालयका बालबालिकाहरुका लागि अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने तथा अन्य सहयोग सम्वन्धी सुधारको नीति अवलम्वन गरिनेछ ।
- अभिभावकबिहीन भई अभिभावकत्व गुमाएका बालबालिकाहरुलाई शैक्षिक पहुँचको सुनिश्चितता गर्न संरक्षकत्वको व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयका बाल शिक्षक तथा कर्मचारीहरुलाई संघीय सरकारबाट उपलब्ध तलब सुविधामा अपर्याप्त हुने भएकोले थप सुविधा प्रदान गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- बैकल्पिक माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकहरुका लागि शिक्षण सिकाईमा आधारित सञ्चार तथा सुचना प्रविधि (ICT) सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका दलित, महिला, अपांगता परिचयपत्र प्राप्त विद्यार्थीको उच्च शिक्षामा पहुच अभिवृद्धि गर्न छात्रवृति कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरभित्रका सामुदायिक विद्यालयका खेल मैदानलाई व्यवस्थित गर्दै लगिनेछ ।

- नगरपालिका क्षेत्र भित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा ८, १० र १२ कक्षाको परीक्षामा सर्वोत्कृष्ट र उत्कृष्ट नतीजा ल्याउने एक एक जना छात्र र छात्रा विद्यार्थीलाई सम्मान सहित पुरस्कृत गरिनेछ ।
- नगरपालिकाको शिक्षालाई व्यवस्थित गर्न नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- सामुदायिक विद्यालयका उत्कृष्ट प्र.अ., शिक्षक र विद्यालय कर्मचारीहरुलाई तोकिएको मापदण्डका आधारमा पुरस्कृत गरिनेछ।एस.ई.ई मा नगर भित्रबाट उत्कृष्ट नतिजा प्राप्त गर्ने सामुदायिक विद्यालयका एक छात्र, एक छात्रा विद्यार्थीलाई नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयमा थप उच्च शिक्षा अध्ययन गरेमा छात्रवृति उपलब्ध गराईनेछ।
- विद्यालयहरुमा लागूपदार्थ तथा दुर्व्यसनी विरुद्धका सचेतना अभियानहरु निरन्तर रुपमा सञ्चालन गरिनेछन् ।
- विद्यालयहरुमा जुनियर रेडक्रस सर्कल, बालक्लव र स्काउटलाई प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- नगरभित्र सञ्चालित सामुदायिक तथा संस्थागत सबै विद्यालयमा शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा एकरुपता ल्याउन नगर शैक्षिक क्यालेन्डर निर्माण गरी कार्यान्वयन गरिनेछ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विषयगत विज्ञहरु (रोष्टर)सहितको विद्यालय सुपरीवेक्षण, शिक्षकलाई प्राविधिक सहयोग, नमुना पाठ प्रदर्शन, पाठ्यक्रममा आधारित विद्यार्थी मूल्याङ्कन सम्बन्धी छोटो अवधिका तालिमहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालय प्रति अभिभावकको चासो अभिवृद्धि गर्न बालमनोविज्ञान, सकारात्मक पालनपोषण र पौष्टिक आहारको प्रभावकारी व्यवस्थापनका लागि अभिभावक शिक्षा कार्यक्रम  अभियानको रुपमा सञ्चालन गरिनेछ।
- गौरादह बहुमुखी क्याम्पसमा अध्ययनरत छोरी बुहारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यार्थीको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गरी उनीहरुको सर्वाङ्गिण विकास गर्न अन्तर विद्यालय प्रतिभा पहिचान र खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।"गुणस्तरीय शिक्षाको लागि खेलकुद कार्यक्रम" मार्फत शिक्षा र खेलकुदलाई आवद्ध गर्दै लगिनेछ।
- विद्यार्थी संख्याका आधारमा तहगत र विषयगत शिक्षक दरवन्दी मिलानको कार्यलाई निरन्तरता दिइनेछ । सबै सामुदायिक विद्यालयमा शिक्षकहरुको ई-हाजिरी अनिवार्य गरिनेछ।
- नगरपालिकाभित्रका दलित, अपाङ्गता भएका, सिमान्तकृत, आर्थिक रुपले विपन्न विद्यार्थीको उच्च शिक्षामा पहुँच स्थापित गर्न छात्रवृतिको व्यवस्था गरिनेछ ।
- नगरमा CTEVT अन्तर्गत प्राविधिक धार सञ्चालित विद्यालय डोरामारी माध्यमिक विद्यालय, गौरादह-४ लाई विद्यार्थी संख्याको आधारमा वजेट उपलव्ध गराइनेछ ।
- गौरादह नगरपालिका भित्र विद्यार्थीहरुलाई A.I Tools उपयोगिता सम्बन्धी सचेतनामूलक तालिम दिईनेछ।
- भौतिक संरचना कमजोर भएका सामुदायिक विद्यालयहरुलाई आवश्यकताका आधारमा प्राथमिकता निर्धारण गरी भौतिक अवस्था सुधार गर्ने व्यवस्था मिलाउदै लगिनेछ।

- नगर भित्रका सबै संस्थागत विद्यालयमा अध्ययनरत आर्थिक रुपले विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति कार्यविधि बमोजिम सम्बन्धित विद्यालय मार्फत छात्रवृतिको प्रभावकारी व्यवस्थापन गरिनेछ।
- गौरादह नगर शिक्षा ऐन र गौरादह नगरपालिकाका सामुदायिक विद्यालयमा प्रधानाध्यापकको नियुक्ति तथा निजको काम, कर्तव्य र अधिकार सम्बन्धी कार्यविधि, २०८० बमोजिम नियुक्ति भएका प्रधानाध्यापकहरुका लागि प्र.अ. भत्ताको व्यवस्था गरिनेछ ।
- खेलकुद कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गर्न संघ र प्रदेशको समन्वय र सहकार्यमा रंगशाला निर्माणका लागि आवश्यक पहल गरिनेछ।
- "सिकाई न्यानो स्पर्स-सरोकारवाला सबैलाई मनोपरामर्श" "गौरादह विकासको आधारप्राविधिक - "शिक्षाको सुधार, "गौरादहका छोरी बुहारी निःशुल्क लोक सेवा तयारी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- लागूऔषध नियन्त्रणलाई प्राथमिकतामा राखी विद्यालयहरूमा कुलत विरुद्ध शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनुका साथै खेलकुद तथा सिर्जनात्मक कार्यक्रम मार्फत युवाहरुलाई प्रोत्साहन गरिनेछ।
- सामुदायिक विद्यालयहरुलाई नगरबाटै सुपरिवेक्षण तथा अनुगमन गर्न थप स्थानहरुमा आवश्यक प्रविधि जडान गरिनेछ।
- नगर खेलकुद परिषदलाई अझ जिम्मेवार बनाउँदै खेलकुदमा पशिक्षण र अन्य खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- बालबालिकाहरूका अभिभावकहरूका लागि विशेष गरी 'बालमनोविज्ञान-, सकारात्मक पालनपोषण र सन्तुलित आहार' सम्बन्धी अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय सुधार योजना (SIP) मा हरित विद्यालयको अवधारणालाई समावेश गरिनेछ ।
- विद्यालयहरुमा जग्गाको उपलब्धता हेरी अनिवार्य रूपमा हरित विद्यालय मार्फत फुलबारी बनाउने कार्यक्रमलाई अगाडि बढाइनेछ ।

## २. स्वास्थ्य सेवा तथा आयूर्वेद र नगर अस्पताल

- नगरभित्रका सबै स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क तथा गुणस्तरीय रूपमा उपलब्ध गराइनुका साथै गौरादह नगर अस्पतालबाट प्रयोगशाला, रेडियोलोजी, फार्मेसी, सामान्य शल्यक्रिया र फिजियोथेरापी सहितको थप विशेषज्ञ सेवालाई निरन्तरता दिईनेछ।
- गौरादह नगर अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रममा नपरेका र आधारभूत स्वास्थ्य सेवाले निःशुल्क प्रदान गर्ने बाहेकका औषधिहरु सुलभ फार्मेसी सेवा सञ्चालन कार्यविधि बनाई बजार भाउ भन्दा सुफथ मूल्यमा विक्री वितरण गरिनेछ।
- स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि, उपकरण तथा जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।
- गौरादह नगर अस्पताल र वि.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान बीच सम्झौता भई सञ्चालनमा रहेको टेलिमेडिसिन तथा विशेषज्ञ स्वास्थ्य परामर्श सेवालाई निरन्तरता दिई अन्य अस्पतालसंग सम्झौता गरी सेवा विस्तार गरिनेछ।

- विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दीर्घरोगीलाई प्राथमिकतामा राखी स्वास्थ्य सेवा प्रदान गरिनेछ।
- गौरादह नगर अस्पताल तथा पालिकाभित्र सञ्चालनमा रहेका सवै आधारभूत स्वास्थ्य सेवाकेन्द्र स्वास्थ्य चौकी/ शहरी स्वास्थ्य केन्द्रबाट मातृ तथा नवजात शिशुको सुरक्षित नियमित पूर्व प्रसुति परीक्षण, सामान्य प्रसुति सेवा तथा आकस्मिक प्रसूति सेवा र उत्तर प्रसुति सेवाको पहुँच विस्तार गरिनेछ।
- गौरादह नगर अस्पतालमा सञ्चालन भैरहेको मनोरोग विशेषज्ञ सेवाबाट प्रदान गरिदै आएको मनोसामाजिक परामर्श तथा उपचारलाई थप सुदृढीकरण र व्यस्थित गर्दै मानसिक रोगको निःशुल्क परामर्श तथा नेपाल सरकारबाट स्थानीय तहलाई खरिदका लागि अधिकार प्रत्यायोजन गरिएका औषधिहरु खरिद गरी निःशुल्क उपचारका लागि वितरण गरिनेछ।
- सवै स्वास्थ्य संस्थाहरुबाट स्वस्थ, सक्षम र उत्पादनशील नगरवासी निर्माण गर्न स्वस्थ जीवनशैली, पोषण, सरसफाइ तथा मानसिक स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- गौरादह नगरपालिकाभित्रका सवै सामुदायिक र संस्थागत विद्यालयहरुमा विद्यालय स्वास्थ्य तथा किशोरकिशोरी स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
- सवै स्वास्थ्य संस्थाहरुलाई किशोरकिशोरीमैत्री स्वास्थ्य संस्थाको रुपमा चालु आ.व. भित्र विस्तार गरिनेछ।
- आयूर्वेद सेवालाई सवै वडालाई सेवा पुग्ने गरी नागरिक आरोग्य क्लिनिक सेवा कार्यक्रम विस्तार गर्दै व्यायाम, जनचेतनामूलक कार्यक्रम तथा खेलकुदमार्फत स्वस्थ्य जीवनशैली प्रवर्द्धन गरिनेछ।
- मातृ तथा शिशु पोषण सुधारका लागि समुदायस्तरमा सुनौला हजार दिनका आमाहरुलाई पोषण शिक्षा कार्यक्रम र सासु-बुहारी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- सुनौलो हजार दिनका आमा तथा वालवालिकाहरुलाई खोप कार्यक्रम स्थलमा जनप्रतिनिधहरुको उपस्थितिमा सरसफाई प्रवर्द्धन कार्यक्रमलाई नियमित सञ्चालन गरिनेछ। साथै मातृशिशु सुरक्षार्थ सुत्केरी आमाहरुलाई दुग्धवर्धक आयूर्वेद औषधि निःशुल्क वितरण गरिने व्यवस्था गरिनेछ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई पालिकाले दिँदै आएको यातायात खर्चलाई यथावत राख्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु तथा समुदायको सहभागितामा स्वास्थ्य प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ।
- राष्ट्रिय खोप कार्यक्रमको प्रगति शतप्रतिशत हासिल गराउन चालु आ.व. २०८३/८४ को श्रावण महिनाभित्र सवै वडाहरुमा वालसुलभ सर्भेक्षण तथा पारिवारिक सेन्सस लिई खोप कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- रेविज रोकथामका लागि संघीय सरकारबाट प्राप्त हुने रेविज भ्याक्सिनले गौरादह नगरपालिकाको आवस्यकता तथा मागलाई धान्न नसकेकोले गौरादह नगर अस्पतालबाट सेवा प्रदान गर्ने गरी गौरादह नगरवासीलाई मात्र पालिकाबाट रेविज भ्याक्सिन खरिद गरी रेविज रोकथाम कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था गरिनेछ।

- गौरादह नगरपालिकाभित्र फैलन सक्ने महामारी तथा संक्रामक रोगको निगरानी, रोकथाम र नियन्त्रण प्रणालीलाई सुदृढ बनाइने तथा रोग निगरानी, प्रकोप प्रतिकार्य व्यवस्थापन तथा विश्लेषण प्रणाली ( Surveillance outbreak Response Management and Analysis System) -SORMAS मार्फत प्रतिवेदन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- डेङ्गु, मलेरिया, क्षयरोग, कुष्ठरोग, रेविज रोग, कालाजार, हातीपाईले रोग, एचआईभी/एड्स लगायतका रोगहरु नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन गैरसरकारी संघसस्था तथा समुदायको सहयोगमा सञ्चालन गरिनेछ।
- खानेपानी, सरसफाइ तथा वातावरणीय स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि समुदाय, विभिन्न क्लव, संस्था तथा गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा गरिनेछ।
- गौरादह नगरपालिकामा स्वास्थ्य परीक्षण तथा नसर्ने रोगहरूको प्रारम्भिक पहिचान कार्यक्रमलाई नियमित सञ्चालन गर्दै नसर्ने रोग पहिचानका लागि विशेष अभियानको रुपमा हरेक आ.व. को फागून महिनाभरि सञ्चालन गरिनेछ।
- ५ वर्ष मुनिका वालवालिका, किशोरीहरु र सुनौला हजार दिनका आमामा हुने रक्तअल्पता तथा कुपोषणको दुष्चक्र अन्त्यका लागि शासकीय प्रबन्ध, स्वास्थ्य शाखा, आयुर्वेद शाखा, शिक्षा तथा खेलकुद विकास शाखा, महिला तथा वालवालिका शाखा, पशुपंछी शाखा, कृषि शाखा र खानेपानी तथा सरसफाई शाखासंगको समन्वयमा बहुक्षेत्रीय पोषण कार्यक्रम-तेश्रो कार्यान्वयन गरी सुपोषित, स्वास्थ्य र निरोगी नागरिक निर्माणको आधार तयार गरिनेछ।
- गौरादह नगरपालिका, उपभोक्ता हित संरक्षण मञ्च र उद्योग बाणिज्य संघको संयुक्त अनुगमन बजार अनुगमन टोली गठन गरी पालिकाभित्रका पसल, खाद्य उत्पादक उद्योग, खाद्य पदार्थ वेचविखन गर्ने होटल, रेष्टुरेण्ट, क्याफे तथा खाद्य भण्डारण गर्ने संस्थाहरुमा नियमित खाद्य पदार्थको गुणस्तर तथा स्वच्छता मापदण्ड अनुसार छ/छैन सोको अनुगमन गरिनेछ।
- गौरादह नगरपालिकामा बसोवास गर्ने सुचीकृत अपाङ्गता भएका व्यक्ति तथा दीर्घरोगीहरूको पुनर्स्थापना र स्वास्थ्य सेवामा पहुँच विस्तार गरिनेछ।
- गौरादह नगर अस्पतालबाट प्रदान गरिने फिजियोथेरापि, मनोसामाजिक परामर्श तथा पुनर्स्थापना सेवालाई प्रभावकारी बनाईनेछ ।
- गौरादह नगरपालिकामा बसोवास गर्ने दुर्घटना तथा दीर्घरोगबाट प्रभावित विपन्न नेपाली नागरिकहरूको पुनःस्थापनाका लागि वडाको सिफारिसमा आवश्यक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- गौरादह नगरपालिका नौवटा वडाहरुलाई समेट्ने गरी चालु आ.व. २०८३/८४ मा सवै वडाहरुलाई पायक पर्ने पाँचवटा केन्द्र राखी ८० वर्षमाथिका ज्येष्ठ नागरिकहरुलाई जेष्ठ नागरिकमैत्री चिकित्सकीय तथा विशेषज्ञसहितको घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ।
- समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
- गौरादह नगरपालिकाका सवै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई डिजिटल तथा प्रविधिमैत्री बनाइनेछ।

- सवै स्वास्थ्य संस्थाहरुमा कार्यरत तथा नयाँ भर्ना हुने स्वास्थ्यकर्मीहरूको क्षमता विकासका लागि तालिम, गोष्ठी कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ।
- सवै स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा गुणस्तर सुधारलाई निरन्तरता दिईनेछ।
- स्वास्थ्य क्षेत्रको योजना, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन संविधान प्रदत अधिकारहरुको आधारमा गौरादह नगरपालिकाको स्वास्थ्य नीति तयार गर्न विशेषज्ञ समिति गठन गरिनेछ ।
- संघ, प्रदेश तथा विकास साझेदार संस्थासँग समन्वय गरी स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य सेवामा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा उतरदायित्वलाई प्रवर्द्धन गर्न सवै कर्मचारीहरुसंग कार्यसम्पादन करार सम्झौता गरिनेछ।
- क्षयरोगमुक्त नगरपालिका घोषणाको लागि सुसुप्त अवस्थामा रहेका विरामीहरुको ए.आई. एक्स-रेबाट क्षयरोगीहरुको खोजपडताल कार्यक्रम सवै वडाहरुमा सञ्चालन गरिनेछ ।
- उच्च रक्तचाप तथा मधुमेह जस्ता नसर्ने रोगका बिरामीहरुलाई एमलोडिपाईन ५ एम.जी. तथा मेटफर्मिन ५०० एम.जी. औषधिहरु नगरपालिकाका सवै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण गरिनेछ। साथै, नसर्ने रोग नियन्त्रणको लागि आयूर्वेदिक चिकित्सा पद्धतिबाट योग चिकित्सा ,पञ्चकर्मलाई समेत प्राथमिकता दिईनेछ ।
- आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्न तथा जन्मदोष न्यूनीकरणको लागि सुत्केरी आमाहरुलाई आईरन तथा फोलिक एसिड र सन्तान जन्माउने रहर भएका दम्पतिहरुलाई निःशुल्क फोलिक एसिड वितरण गरिनेछ।
- "निरोगी गौरादह नगरपालिका" अभियान अन्तर्गत प्रतिकारात्मक प्रवर्द्धनात्मक, उपचारात्मक र पुनर्स्थापना कार्यक्रमलाई नगरपालिकाको नेतृत्वमा गैरसरकारी संघसंस्था समेतको सहयोगमा स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत कार्यक्रम सञ्चालन गरिनेछ।
- समुदायमा बढ्दै गएको गैर-संक्रामक रोग नियन्त्रणको लागि स्क्रिनिङ्ग तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालवालिकामा हुने स्वास्थ्य समस्याहरु कमतौल, पुड्कोपन र ख्याउटेपनलाई सुधार गर्न बहुक्षेत्रीय पोषण योजना- तेस्रो कार्यक्रम सञ्चालनलाई निरन्तरता दिन नगर स्तरीय र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई सक्रिय गरी विषयगत शाखाहरु (शासकीय प्रवन्ध, स्वास्थ्य शाखा, महिला तथा बालवालिका शाखा, युवा तथा खेलकुद शाखा, पशुपञ्छी शाखा, कृषि शाखा र खानेपानी तथा सरसफाई शाखा) बाट कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ र पहुँचयोग्य तुल्याउन नगर अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र तथा आयूर्वेद औषधालयको समय-सापेक्ष स्तरन्नोति गरी विशेषज्ञ सेवा प्रदान गर्न आवस्यक जनशक्ति थप गरिनेछ ।
- आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न ANC/PNC परीक्षणलाई निरन्तरता दिई स्तनपाई आमाहरुलाई दुग्धबर्द्धक आयूर्वेदिक औषधि निःशुल्क वितरण गरिनेछ ।

- घरमा हुने प्रसूति (Home Delivery) लाई शून्यमा झार्नको लागि गौरादह नगर अस्पतालमा प्रसूति सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाउने तथा जटिल प्रसूति अवस्थाका गर्भवती आमाहरुलाई सुत्केरी गराउन अस्पतालसम्म लान निःशुल्क एम्बुलेन्स सेवाको निरन्तरता दिईनेछ ।
- आयूर्वेदिक गाउँघर क्लिनिक तथा आरोग्य क्लिनिक सेवा कार्यक्रम केन्द्र सञ्चालनमा निरन्तरता दिईनेछ ।
- खोप क्लिनिक भवन निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।
- अस्पताल र स्वास्थ्य संस्थाहरुको स्वमूल्याङ्कन न्यूनतम सेवा मापदण्ड परीक्षणमा प्राप्त प्राप्ताङ्कको आधारमा चिकित्सक, नर्सिङ्ग कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधा र कार्यसम्पादन मूल्याङ्कन अङ्क निर्धारण गरिनेछ ।
- निजी क्षेत्रबाट गौरादह नगरपालिकामा सञ्चालित निजी क्लिनिक, १५ बेडसम्मका अस्पताल, प्रयोगशाला, क्लिनिक, आयूर्वेदिक औषधि पसल, होमियोपेथिक औषधि पसल, फिजियोथेरापिहरुलाई गौरादह नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन र नियममावली अनुसार दर्ता गरी सञ्चालन अनुमति प्रदान गरिनेछ । दर्ता नहुनेलाई बन्द गराईनेछ ।
- कुष्ठरोग निवारण गर्न कुष्ठरोगी खोजपड्ताल कार्यक्रम सञ्चालन गरी कुष्ठरोगबाट प्रभावित व्यक्तिहरुमा हुने अपाङ्गता उपचारको व्यवस्था गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि तालिम तथा अवलोकन भ्रमणलाई निरन्तरता दिईनेछ।
- नगर अस्पताल तथा स्वास्थ्यचौकीहरुबाट ९७ प्रकारका औषधि निःशुल्क वितरण गरिनेछ।
- बैगुनधुरा आयूर्वेद औषधालयबाट ५६ प्रकारका आयुर्वेद औषधी निःशुल्क वितरण गरिनेछ।
- होमियोपैथिक चिकित्सालाई विस्तार गर्न प्राथमिकताका साथ अघि बढाईनेछ।
- गौरादह नगरपालिकामा बसोवास गर्ने विपन्न नागरिकहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्नको लागि वडाहरुबाट कार्यक्रम सञ्चालन गरिनेछ ।
- कुपोषित बालवालिकाको उपचारको लागि हाल सञ्चालन भैरहेका दुईवटा उपचार केन्द्रहरुलाई थप प्रभावकारी बनाउँदै यस आ.व. २०८३/०८४ मा थप दुईवटा उपचार केन्द्र विस्तार गरिनेछ ।
- गौरादह नगर अस्पतालबाट मधुमेह (Diabetes) रोगीहरुको हरेक सोमबार Sugar परीक्षण न्यून शुल्कमा गरिनेछ ।
- बैगुनधुरा आयूर्वेद औषधालयमा रहेको प्रयोगशालाको स्तरउन्नति गरिनेछ।साथै मधुमेहले ग्रसित जेष्ठ नागरिकहरुलाई मधुमेह निःशुल्क जाचँ हुने व्यवस्था मिलाईनेछ।
- गौरादह नगर अस्पतालमा भि.आई.ए. बिधिबाट पाठेघरको मुखको क्यान्सर निःशुल्क परीक्षण गरिनेछ।
- गौरादह नगर अस्पताल र स्वास्थ्य चौकीहरुबाट उपेक्षित उष्णप्रदेशीय रोग (Neglected Tropical Disease-NTD) हरुको परीक्षण र उपचारको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थामा गर्भ परीक्षण प्रोटोकल अनुसार ८ पटक गर्भ परीक्षण गर्ने सुत्केरी आमाहरुलाई "सुत्केरी पोषण खर्च" कार्यक्रमलाई निरन्तरता दिईनेछ।

- उच्चस्तरीय स्वास्थ्य उपकरण थप गरी गौरादह नगर अस्पतालले प्रदान गर्दै आएको ल्याव परीक्षण सेवा विस्तार गरी नगर अस्पतालबाट हुने स्वास्थ्य उपचारलाई विश्वासयोग्य र गुणस्तरयुक्त बनाईनेछ। नगर अस्पताललाई आम नागरिकको भरोसायोग्य संस्थाको रुपमा विकास गरिनेछ।
- सेवानिवृत्त महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सम्मानजनक विदाईको लागि अवकास हुँदाको समयमा जनही एकलाख रुपैयाँ राशीको सम्मान सुविधा उपलब्ध गराइनेछ।
- किशोर-किशोरीहरुमा बढ्दै गएको लागुपदार्थ दूर्व्यसनलाई रोकथाम गर्न गौरादह नगर अस्पताल तथा नगरभित्रका औषधि पसलहरुमा मनोदिपक औषधि बिक्री बितरण गर्दा मनोचिकित्सकको पूर्जा (Prescription) अनिवार्य गरी औषधि व्यवस्था विभागले निर्धारण गरेको लगबुक उपलब्ध गराइनेछ।
- स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रबाटै मधूमेह परीक्षण गर्ने व्यवस्था मिलाईनेछ। स्वास्थ्य संस्थाहरुको भवन मर्मतका लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- कृषकहरुको आर्थिक सवलीकरणका लागि अगुवा कृषकहरुलाई जडिवुटी खेती सम्वन्धी अभिमुखीकरण गराइनेछ।
- गैर-संक्रामक रोग व्यवस्थापनको लागि स्वास्थ्य जीवनशैली व्यवस्थापन सम्वन्धी सचेतना तथा अभियानमुलक कार्यक्रम "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" सञ्चालन गरिनेछ।
- सुविधासम्पन्न आयुर्वेद स्वास्थ्य केन्द्र नगरपालिकाको बढी जनघनत्व भएको स्थानमा स्थापना गरी सञ्चालनमा ल्याईनेछ।

## ३. सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा र मानवीय विकास

- पछाडि परेको वर्ग तथा समुदाय, दलित, आदिवासी जनजाति, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, किसान, श्रमिकलाई समानुपाकतिक समावेशी सिद्धान्तको आधारमा नगरको सेवा, सहुलियत र विकासमा सहभागी हुने व्यवस्था गरिनेछ ।
- **"नागरिकको दुःखमा नगरपालिका"** अन्तर्गत असहाय, अतिबिपन्न, घाइते तथा बिपन्न नागरिकको मृत्युमा सहयोगस्वरुप नगरपालिका वा वडा कार्यालयबाट आर्थिक सहयोग उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।
- हरेक जाति, वर्ग, लिङ्ग, धर्म, भाषा, र समुदायलाई समान अवसर प्रदान गर्न समावेशी विकास नीति अवलम्बन गरिनेछ ।
- नगरपालिकाभित्र बसोबास गर्ने सबै जातजाति, भाषा, धर्म, संस्कार, संस्कृति एवं परम्पराको संरक्षण तथा सम्वर्द्धनमा विशेष जोड दिइनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- राष्ट्रिय परिचयपत्र (NIN नं.) मा आधारित Biometric Verification सहित सामाजिक सुरक्षा भत्ताका लागि नामदर्ता तथा नवीकरणको कार्यलाई सरल तथा सहज बनाईनेछ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी सेवा प्राप्तिको कानुनी आधार तय गर्न प्रविधिको प्रयोग गरी अनलाईन प्रणाली मार्फत घरैबाट सूचना फाराम भर्ने तथा सम्बन्धित वडा कार्यालयबाट सहजै सेवा प्राप्त गर्ने व्यवस्था मिलाईनेछ।

- विपन्न, आदिबासी जनजाति, दलित, अपाङ्गता, पिछडा बर्गका व्यक्तिहरुको जीवनस्तर वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । सार्वजनिक सेवा प्रवेशमा प्रोत्साहन गर्न सार्वजनिक सेवा प्रवेशको लागि लोकसेवा आयोग तथा अन्य परीक्षाको तयारी कक्षा र कम्प्युटर सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- स्थानीय युवा क्लबहरु, गौरादह जेसिस, लायन्स क्लव, स्काउट, रेडक्रससँगको सहकार्यमा सामजिक सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- गरिबी निवारण कोषको स्थापना गरी गरीब तथा विपन्न वर्ग लक्षित कार्यक्रमहरु साझेदारीमा सञ्चालन गरिनेछ ।
- गरीब घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा घरधुरीहरुलाई अति, मध्यम र सामान्य गरीब परिवारमा बर्गीकरण गरी वडा कार्यालयबाट विपन्न परिचय-पत्र वितरण गरिनेछ।
- सीपमूलक तालिम पश्चात् उत्पादित बस्तु तथा सेवाको बजारीकरण गर्न कोसेली घर सञ्चालनको लागि साझेदारी संस्थासगँ समन्यव गरिनेछ।

**४. महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति**

- नगरपालिकाभित्र बसोबास गर्ने महिलाहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- प्रदेश सरकार र यस नगरपालिकाको लागत साझेदारीमा करुणा फाउण्डेसन नेपाल प्राविधिक सहयोगमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- उद्यमीहरुको समूह गठन गरी सामुदायिक ब्यवसायिक विस्तारलाई जोड दिइनेछ ।
- महिला उद्यमीहरुबाट उत्पादित बस्तु तथा सेवाको बजारीकरणको लागि कोसेलीघरलाई विस्तार गरिनेछ ।
- अपाङ्गताको वर्गीकरण बमोजिम ग/घ बर्गको अपाङ्गता भएको व्यक्तिहरुको स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाइनेछ ।
- विभिन्न दिवस तथा अभियान कार्यक्रम अन्तरगत सम्बन्धित क्षेत्रका व्यक्तिहरुलाई सम्मान गरिनेछ ।
- महिलाहरुलाई प्रविधि सहितको सीपमूलक तालिमको व्यवस्था गरी आत्मनिर्भर तथा स्वरोजगार बन्न प्रेरित गरिनेछ ।
- बालमैत्री नगर घोषणा गरी बालमैत्री नगर स्थापना गरिनेछ ।
- लैङ्गिक हिंसामुक्त नगरपालिका निर्माणका लागि सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ ।
- विपन्न, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडा वर्ग, अपाङ्गता, महिलाहरुको वडागत समूह गठन गरी जीवनस्तर बृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ८० बर्षमाथिका ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण र सहायक सामाग्री सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोरीहरुका लागि आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

**घ. विपद व्यवस्थापन, वन, वातावरण तथा फोहोरमैला व्यवस्थापन**

- विपद् व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

- विपद् व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्था गरिनेछ।
- नगरपालिकामा स्थापित स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (Local Emergency Operation Center-LEOC) लाई आवश्यक जनशक्ति र बिपद सामग्रीयुक्त बनाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- वडाका लागि विपद व्यवस्थापन शिर्षकमा विनियोजित रकमको ६०% रकम विपद उद्दार कार्यको लागि र ४० प्रतिशत रकम वातावरण संरक्षण तथा वृक्षारोपण कार्यका लागि उपयोग गरिनेछ।
- बाढीबाट हुने कटान, डुवान र आगलागी जस्ता प्रकोपबाट सुरक्षित रहन सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र पूर्वसावधानीका उपायहरु अवलम्बन गरिनेछ।
- रतुवा खोला, चान्दु खोला, रामचन्द्रे, गौरीया, कृष्णे र कमलबाट हुने प्रकोप र कटान रोकथामको लागि संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय तथा विभागसगँ समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रकोपको कारण मानवीय तथा घर क्षति, पशुपञ्छी आदिमा भएको क्षतिको मूल्याङ्कन गरी तत्काल राहत उपलव्ध गराइनेछ । जोखिम तथा विपदमा परेका व्यक्तिलाई तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाइनेछ ।
- आपतकालीन उद्धार तथा राहतका लागि आवश्यक सामाग्रीको अग्रिम भण्डारणको व्यवस्था गरिनेछ।
- बिपदको समयमा सरोकारवाला, सरकारी एवम् गैरसरकारी निकाय र स्थानीय संघसंस्थासँग समन्वय गरी उद्धार, राहत तथा अस्थायी बसोवासको व्यवस्था गरी पुनर्स्थापनामा सहजीकरण गरिनेछ।
- प्रकोप उद्धार, व्यवस्थापन तथा सचेतना कार्यक्रम सञ्चालन गर्न अवश्यक स्वयमसेवक जनशक्ति तयार गरी परिचालन गरिनेछ।
- जलवायु परिवर्तन अनुकुलन र जलउत्पन्न प्रकोप नियन्त्रणका लागि बिभिन्न सचेतनामुलक र तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नदी उकासका जग्गाहरुमा वृक्षारोपण लगायत उत्पादनमूलक कार्यक्रम सञ्चालन गरी कटान नियन्त्रण तथा उत्पादनमा बृद्धि गर्ने नीति लिईनेछ।
- वन पर्यटनका लागि हरियाली पार्कहरु निर्माण, सिमसार क्षेत्रको संरक्षण, पानीको स्रोत संरक्षण, नदी तटहरुको उचित व्यवस्थापनमा जोड दिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र सडक निर्माण गर्दा स्थानीय बासिन्दाहरुले संरक्षण गर्ने गरी सडकको दायाँबायाँ वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्न जोड दिइनेछ ।
- नगरपालिका परिसर, वडा कार्यालय तथा नगरका प्रमुख बजार क्षेत्रका सडक किनारामा सौन्दर्यता बढाउन स्थानीयसँगको सहकार्यमा **"म सजाँउछु मेरो नगर"** भन्ने नाराका साथ फलफुलका विरुवा रोपिनेछ।
- जलाधार क्षेत्रको संरक्षणका लागि प्राकृतिक पोखरी संरक्षण र बृक्षारोपणलाई प्रोत्साहन गरिनेछ।
- लाहा खेती र जडिवुटी खेतीलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- प्लास्टिकजन्य झोला प्रयोगमा मापदण्ड निर्धारण गरी व्यवस्थापन गरिनेछ।

- नगरक्षेत्रलाई सुन्दर बनाउन विद्युत, टेलिफोन, ईन्टरनेट, केवल टि.भी. लगायतका तार व्यवस्थित गराउन आवश्यक व्यवस्था गरिनेछ।
- बाढी एवम् डुवान नियन्त्रणका लागि कुलो पैनी संरक्षण समुदायको साझेदारीमा सामुदायिक सरसफाई नियमित अभियानको रुपमा संचालन गरिनेछ।
- फोहोरमैला उत्सर्जनका लागि अस्थाई डम्पिङ साइट निर्माण गर्न जग्गा प्राप्तिका लागि पहल गरिनेछ।
- फोहोरलाई स्रोतमा नै जैविक तथा अजैविक बर्गीकरण गर्न टोल विकास संस्था तथा समुदाय स्तरमा कार्यक्रम सञ्चालन गरिनेछ। जैविक फोहोरलाई प्रांगारिक मल बनाउने तालिम प्रदान गरी फोहोर उत्सर्जन न्यून गरिनेछ।
- **"स्वस्थ सफा नगरः जीवन जिउने आधार"** भन्ने नाराको साथ सुन्दर नगर निर्माणका लागि नगरक्षेत्रबाट हुने फोहोर संकलन कार्यलाई व्यवस्थित गरिनेछ। प्रविधिको उपयोग गरी फोहोरमैला प्रशोधन गर्न फोहोरमैला उत्सर्जन केन्द्रलाई सुरक्षित र व्यवस्थित गरिनेछ।

**ङ. सुशासन तथा सार्वजनिक सेवा प्रवाह र क्षमता विकास**

- नगरपालिकाको संगठन संरचना छरितो र प्रविधिमैत्री बनाउँदै लगिनेछ। कार्यचापका आधारमा जनशक्ति व्यवस्थापन गर्दै प्रविधिमैत्री सेवा प्रवाह प्रणालीको विकास गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि निर्माण गरी नगरपालिका र मातहतका कार्यालयबाट प्रवाह गरिने सेवालाई मितव्ययी, पारदर्शी र गुणस्तरयुक्त बनाउँदै लगिनेछ।
- नगरबासीलाई नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई सरल, सहज, चुस्तदुरुस्त र प्रभावकारी बनाउन **'एकल बिन्दु सेवा प्रणाली'** (One Stop Service) को अवधारणा अनुरुप स्थापना गरिएको नागरिक सहायता कक्ष (Help Desk) मार्फत नगरबासीलाई उक्त नागरिक सहायता कक्षबाट सेवा उपलब्ध गराइनेछ।
- नगरपालिकाका प्रत्येक शाखामा आफ्नो शाखाको नागरिक वडापत्र राखी सेवालाई पारदर्शी, अनुमानयोग्य एवम् सहज बनाइनेछ।
- नगरभित्रका सबै सरकारी कार्यालय तथा शैक्षिक संस्थामा कार्यरत कर्मचारी एवम् शिक्षकहरुको कार्यसम्पादनमा नियमितता कायम गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
- नगरभित्रका सार्वजनिक सम्पतिको पहिचान, सार्वजनिक तथा सरकारी जग्गाको सिमाङ्कन, अभिलेखीकरण र संरक्षणका लागि आवश्यक व्यवस्था गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र कालो बजारी, म्याद नाघेका तथा अखाद्य बस्तुहरुको बिक्री वितरणलाई नियन्त्रण गर्न बजार अनुगमन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- नगरपालिकाको लेखा समिति मार्फत बेरुजु न्यूनीकरण गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह गरिएका सेवाहरुको बारेमा सेवाग्राहीहरुसँग सन्तुष्टि सर्वेक्षण गरी प्राप्त सुझाव तथा नतिजाहरुको विश्लेषण गरी सेवा प्रवाहलाई गुणस्तरीय बनाउँदै लगिनेछ ।
- नगरपालिकाको समग्र सेवा प्रवाह विश्लेषण गर्न सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई तथा लैङ्गिक उत्तरदायी बजेट परीक्षण गरिनेछ ।

- आवश्यकता अनुसार स्थानीय सेवा ऐन, नियम तथा कार्यविधि निर्माण गरिनेछ र मौजुदा ऐन नियम तथा कार्यविधिलाई समयानुकुल संशोधन एवम् परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- योगदानमा आधारित सामाजिक सुरक्षा कोषको योजना कार्यान्वयनमा ल्याई कर्मचारीहरुको स्वास्थ्य सुरक्षा, दूर्घटना विमा, मातृस्वास्थ्य सुरक्षा र आश्रित परिवार सुरक्षा जस्ता कार्यक्रम लागु गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य कार्यालयहरुको संस्थागत क्षमता विकास र जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- वडास्तरमा गुनासो सुनुवाई र टोल-टोलमा नागरिकसँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ। “नगरस्तरमा सम्पादन गरिएका कार्य र नयाँ योजना कार्यान्वयनमा देखिएका चुनौती तथा आगामी गन्तब्य" विषयमा स्थानीय रेडियोमा **"नगरवासीसँग जनप्रतिनिधि"** कार्यक्रम सञ्चालन गरिनेछ।
- उपभोक्ता सचेतना शिक्षालाई वडास्तरसम्म अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- सवारी दुर्घटना न्यूनिकरण तथा बजार क्षेत्रमा सवारी पार्किङ व्यवस्थापनका लागि संघसस्था साझेदारी कार्यक्रम संचालन गरिनेछ।
- महिला जनप्रतिनिधि तथा लक्षित समुहका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।
- सेवाग्राहीको गुनासोको उचित सम्बोधन गर्न गुनासो पोर्टलको निर्माण गरिनेछ। सेवाग्राहीले जुनसुकै समय नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृतलाई आफ्नो समस्या तथा गुनासो राख्न पाउनेछन्।
- कार्यसम्पादनको आधारमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिनेछ र सोको लागि बजेटको व्यवस्था गरिनेछ।
- नगरपालिकाबाट एकद्वार ईन्टरनेट प्रणालीमा आवद्ध गर्न बाकी रहेका विषयगत शाखाहरु, स्वास्थ्य चौकीहरुलाई एकीकृत गरिनेछ।

**च. सञ्चार तथा सुचना प्रविधि**

- नगर क्षेत्रभित्रका विभिन्न स्थानहरुमा सामाजिक सचेतनामूलक होडिङ बोर्डहरु राखिनेछ।
- सूचना सञ्चारको पहुँच नपुगेका स्थानमा पहुँच विस्तार तथा गुणस्तर कायम गर्न सेवा प्रदायकको संरचना विस्तारका लागि आवश्यक पहल गरिनेछ।
- गौरादह नगरपलिका क्षेत्रभित्र रहेका सञ्चार माध्यमहरुलाई व्यवस्थित बनाइनेछ।
- आमसञ्चार माध्यम मार्फत नगरपलिकाको गतिविधि सार्वजनिक गर्नका लागि नगरपलिकाले आम सञ्चार ऐन, नीति, कार्यविधि निर्माण गरी लागू गरिनेछ।
- नगरपालिकाबाट प्रवाह हुने लोककल्याणकारी प्रकृतिका सूचना प्रवाह गरी नगरवासीलाई सुसूचित गर्ने कार्यका लागि स्थानीय छापा, विद्युतीय तथा अनलाईन सञ्चार माध्यमलाई प्रोत्सहान गरिनेछ।
- स्थानीय स्तरका सञ्चारकर्मीको क्षमता विकासका लागि आवश्यक व्यवस्था गरिनेछ।
- छिमेकी पालिकाहरु र सरोकारवालाहरु समेतसगँको समन्वयमा सञ्चार प्रतिष्ठान गठन तथा सञ्चालन गर्ने नीति लिईनेछ।
- पत्रकारहरुको सीप, क्षमता विकास तथा मिडिया साक्षरताका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

## छ. न्यायिक समिति र न्याय सम्पादन सम्बन्धी नीति

- न्याय निरुपणलाई ब्यवस्थित बनाउन तथा फैसला कार्यान्वयनको लागि फैसला कार्यान्वयन कार्यविधि निर्माण गरिनेछ।
- न्यायिक समिति र वडास्तरको मेलमिलाप केन्द्रको क्षमता अभिवृद्धि गर्न कानुनी सचेतना तथा साक्षरता सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ। मेलमिलाप केन्द्रको प्रभावाकारिता अभिवृद्धिको लागि मेलमिलापकर्तासगँ आवश्यक अन्तर्कियात्मक कार्यक्रम गरिनेछ।
- गौरादह नगरपालिकाको विद्यालयहरुमा साईवर अपराध र कानुनी साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- न्यायिक शाखालाई कानून, न्याय तथा मानव अधिकार शाखाको रुपमा समेत थप विकास र विस्तार गरिनेछ।
- न्यायिक समितिले गरेका कार्यहरुले समुदायमा पारेका प्रभावहरु बारे प्रक्षेपण गरी थप सुधार विस्तारतर्फ लगिनेछ।
- न्यायिक समितिबाट सम्पादन हुने कार्यहरुलाई थप प्रभावकारी बनाउँदै कानून, न्याय तथा मानव अधिकारका क्षेत्रको संस्थाको रुपमा समेत विस्तार गरिनेछ।
- छिटो सुनवाईबाट मुद्दाको किनारा लगाउन लाग्ने समय घटाइ छरितो न्यायको प्रत्याभूति प्रदान गरिनेछ।
- न्याय सम्पादनलाई विधिमा आधारित स्वच्छ तथा पारदर्शी बनाई न्याय प्राप्तिको अनुभूति दिलाउन न्यायिक समिति, न्यायिक शाखा तथा मेलमिलाप केन्द्रलाई स्वतन्त्र दबावरहित र प्रभावमुक्त पारिनेछ।
- कानुन, न्याय तथा मानव अधिकारको क्षेत्रमा काम गर्ने निकायसगँको समन्वयमा तालिम तथा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- न्यायिक समितिमा दर्ता एवं फछ्र्यौट भएका मुद्दाको अर्ध-बार्षिक तथा बार्षिक अभिलेख तयार गरी व्यवस्थित गरिनेछ।
- न्यायिक निरुपणका लागि उजुरी दर्ताका सम्बन्धमा बालबालिका, हिंसा पीडित, अशक्त तथा ७० बर्ष उमेरमाथिका जेष्ठ नागरिकलाई निःशुल्क सेवा उपलब्ध गराइनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

उल्लेखीत नीति तथा कार्यक्रमका मूल आधार र मार्गनिर्देशन अनुसार नै उपलब्ध र सम्भाव्य स्रोतसाधन अनुसारको बजेट तथा कार्यक्रम यसै नगर अधिवेशनमा पेश हुने व्यहोरा अनुरोध गर्दै यस नगरपालिकाको आ.व. ०८३\०८४ को बार्षिक नीति तथा कार्यक्रम पेश गरेको छु।

**धन्यवाद !**

नगरसभामा प्रस्तुत मितिः- २०८३\०३\०७
सभावाट पारित मितिः-२०८३\०३\०८

**प्रस्तुतकर्ताः-**

**(छत्रपति सुवेदी)**
**नगर प्रमुख**
गौरादह नगरपालिका
गौरादह, झापा